का.जि.प्र.का.द.नं. १००/०५९/६०
८ जेठ २०७९,
आइतबार
22 May 2022,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नुं

वर्ष २०, अंक १०६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# मतदाताको निशानामा शीर्ष नेता

स्थानीय तहको चुनावमा शीर्ष नेताहरुले आफ्नै मतदाता रहेको स्थानीय तह र वडामा पार्टीका उम्मेदवारलाई जिताउन सकेनन् । राष्ट्रिय राजनीतिमा रमाइरहेका नेताहरुले स्थानीय आवश्यकतामा ध्यान नदिएको भनेर मतदाताले सबक सिकाउन खोजेको देखिन्छ ।



**ममता शर्मा**
स्थानीय तहका जानकार एवं समाजशास्त्री

आफ्नो पार्टीका उम्मेदवारलाई आफ्नै गृह नगरमा जिताउन नसक्नु शीर्ष नेताको मूल्यांकनको विषय दलीय राजनीतिमा गर्न सकिएला । यसलाई नैतिक प्रश्नको रुपमा पनि लिन सकिएला । तर, यसलाई शीर्ष नेताको अयोग्यताकै रुपमा भने अर्थ्याउन सकिन्न ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, ७ जेठ ।

०७९ को स्थानीय तहको चुनावमा देखिएको फरक दृष्य हो, ठूला राजनीतिक दलका शीर्ष नेताहरु मतदाता रहेको स्थानीय तह र वडाहरुको चुनावी परिणाम । राष्ट्रिय राजनीतिमा पकड जमाउन पनि स्थानीय जनमतलाई आफ्नो पक्षमा पार्नुपर्छ भन्ने चेत नेताहरुलाई गराउने प्रयास मतदाताहरुले गरेका छन् ।

वर्तमानमा राजनीतिमा जिम्मेवारीका हिसावले सबै भन्दा शीर्ष नेता हुन्- पाँच दलीय सत्ता गठबन्धनको नेतृत्वकर्ता दल नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवा । वर्तमान पाँच दलीय सत्ता गठबन्धनलाई निरन्तर कायम राखेर आसन्न प्रदेश र संघीय चुनावपछि फेरि प्रधानमन्त्री बन्ने दाउमा रहेका देउवाका उम्मेदवार स्थानीय तहको चुनावमा भने गृह वडामै उनको पार्टीका उम्मेदवार पराजित भए ।

डडेल्धुराको गन्यापधुरा गाउँपालिका १ मा कांग्रेसका उम्मेदवार चन्द्रबहादुर देउवालाई विद्रोह गरी कांग्रेस बीपीबाट उम्मेदवार बनेका नरेश भण्डारीले १२९ मतले पराजित गरे । कांग्रेस बीपीबाट विजयी भण्डारीले ६७३ मत ल्याउँदा पराजित कांग्रेसका उम्मेदवार देउवाले ५४४ मत प्राप्त गरे ।

सबैभन्दा ठूलो दल नेकपा एमालेका अध्यक्ष अध्यक्ष केपी शर्मा ओली पनि गृह नगरमै पार्टीका उम्मेदवारलाई जिताउन असफल भए । झापाको दमक नगरपालिकाको प्रमुखमा राप्रपाका रामकुमार थापाले एमालेकी

– बाँकी पृष्ठ २ मा

स्थानीय चुनावमा वाम

# एमालेलाई धक्का माओवादीलाई थोरै लाभ

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ७ जेठ ।

गत वैशाख ३० मा सम्पन्न स्थानीय तहको निर्वाचनले नेकपा एमालेलाई धक्का पुगेको छ । गत चुनावमा पहिलो दल बनेको एमालेले ठूलो पराजय भोग्नुपरेको छ भने माओवादी केन्द्रले आफ्नो हैसियतमा थोरै सुधार गरेको छ । यद्यपि, एमाले दोश्रो र नेकपा माओवादी केन्द्र तेश्रो दल बन्ने निश्चित देखिएको छ ।

तथापि, नेकपा एमालेकी सचिव पद्मा अर्याल भने सिट संख्या घटेपनि आफ्नो पार्टीको जनमत भने नघटेको बताउँछिन् । ‘गठबन्धन भएर लडेपछि पाँच दलको जनमत यकिन हुन सक्दैन । सबै दल आ-आफ्नै धरातलमा उभिएको भए कसको कति जनमत भन्ने नाप्न सकिन्थ्यो तर एमाले भने एक्लै लड्यो र जनमत निर्धारण भयो । यसले एमाले कमजोर छैन भन्ने पुष्टि गऱ्यो। तर, स्वाभाविक रूपमा पाँच दल गठबन्धन भएर लड्नाले हाम्रो सिट सङ्ख्या केही कम भयो’, उनले भनिन् ।

सचिव अर्यालले पाँच दलले एमालेलाई हराएर कमजोर पार्ने रणनीति लिए पनि निर्वाचन परिणामले भने जनमत एमालेतिरै देखाएको बताएकी छिन् । गत २०७४ को स्थानीय निर्वाचनमा एमालेले २ सय ९४ स्थानीय तहमा प्रमुख-अध्यक्षमा जित निकालेर पहिलो दल बनेको थियो भने कांग्रेस २ सय ६६ स्थानीय तहमा प्रमुख/अध्यक्षमा जित निकाल्दै दोस्रो बनेको थियो ।

यसैगरी, नेकपा माओवादी केन्द्र त्यसबखत १ सय ६ स्थानमा प्रमुख/अध्यक्ष जित निकालेर तेस्रो, चौथोमा संघीय समाजवादी फोरम र पाँचौमा मधेसवादी दलका रूपमा रहेको जसपा पार्टी रहेको थियो । तर, हालसम्मको नतिजाले भने कांग्रेस ३ सय बढी स्थानको प्रमुखमा विजयी भएको छ भने एमालेले १ सय ८८ स्थानमा मात्रै जित हासिल गरेको छ ।

त्यसैगरी, नेकपा माओवादी केन्द्रले १ सय १९ स्थानको प्रमुखमा जित हासिल गरेको छ भने १ सय २३ वटा पालिकाको उपप्रमुखमा निर्वाचित भएको देखिन्छ । त्यसैगरी जसपा, नेकपा एकीकृत समाजवादी, लोसपा, राप्रपा लगायतका दलहरुले पछ्याएको देखिन्छ ।

तर, नेकपा एमाले भने टुटफुट र अप्राकृतिक गठबन्धनका कारण पछि परेको राजनीतिक विश्लेषक

– बाँकी पृष्ठ २ मा

# भैरहवामा क्यूभीसी र गाम्का पनि पठाउने तयारी

**मध्यान्ह संवाददाता**
भैरहवा, ७ जेठ

जिल्ला प्रशासन कार्यालय रूपन्देही नजिकै वैदेशिक रोजगार कार्यालय भैरहवा स्थापना हुने भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले शनिबार वैदेशिक रोजगार कार्यालय रहने भवनको स्थलगत अवलोकन गरेका छन् । उक्त स्थान गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलदेखि करिब साढे चार किलोमिटरको दुरीमा रहेको छ ।

मन्त्री श्रेष्ठले शुक्रबार भैरहवामा उद्योग वाणिज्य संघले आयोजना गरेको कार्यक्रममा भैरहवास्थित गौतमबुद्ध अन्तर ा्ष्ट्रिय विमानस्थल हुँदै वैदेशिक रोजगारीमा जानेहरुलाई सरल र सहज सेवा दिन जेठ महिनाभित्रै वैदेशिक रोजगार कार्यालय स्थापना गर्ने घोषणा गरेका थिए ।

मन्त्री श्रेष्ठले वैदेशिक रोजगार कार्यालयका साथै, म्यानपावर कम्पनी, अभिमुखीकरण तालिम दिने संस्था र स्वास्थ्य परीक्षण गर्ने संस्थाहरु पनि जेठभित्रै स्थानीयस्तरमा संचालन गर्ने प्रतिवद्धता जनाएका छन् ।

यसअघि गौतमबुद्ध अन्तर ा्ष्ट्रिय विमानस्थलबाट उडान शुरू गरेको जजिरा एयरवेजका नेपाल प्रतिनिधिले काठमाडौंबाट यात्रु लगेर उडान गर्न नसकिने भन्दै

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# एसोसिएसनमा ४ जनाको मनोनयन

**काठमाडौं/मस**– नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्न वार्षिक सय जना कामदार वैदेशिक रोजगारमा पठाउनुपर्ने अनिवार्यता हटाउन राजनीतिक दल निकट संस्थाहरूसँग मिलेर अघि बढ्ने निर्णय गरेको छ ।

शुक्रबार अध्यक्ष कुमुद खनालको सभापतित्वमा सम्पन्न एसोसिएसन कार्यसमितिको दोस्रो बैठकले उक्त निर्णय गरेको हो । एसोसिएसनका महासचिव कमल काफ्लेले म्यानपावर कम्पनीको इजाजत नवीकरण गर्न वार्षिक सय जना कामदार वैदेशिक रोजगारमा पठाउनुपर्ने अनिवार्यता हटाउन राजनीतिक दल निकट संस्थाहरूको एउटै स्वर र मान्यता हुनुपर्ने

– बाँकी पृष्ठ २ मा

**कर्मचारी आवश्यकता**

यस मेनपावर कम्पनीको लागि कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

**Public Relation Officer (PRO) - (Male/Female) 2 Nos**

- कम्तीमा मेनपावर फिल्डमा २ वर्षको अनुभव भएको हुनुपर्नेछ ।
- मलेसिया र साउदी सम्बन्धी डकुमेन्ट क्लेक्सन गर्न सक्ने हुनुपर्नेछ ।

तलब आपसी सम्झदारीमा अनुभव अनुसार हुनेछ ।

**पास इन्टरनेशनल प्रा. लि.**
पास हाउस, सामाखुसी, काठमाडौं
(अल नेपाल हस्पिटलको बाटो नेचर बोर्डिङ स्कुलसँगै)
फोन नं.: ०१-४९८१३२२, ०१-४९८१४२२, ९८०२०९६६९४
श्रम इजाजत नं. ८७२/०६६/०६७



मध्यान्ह
www.madhyanhadaily.com
८ जेठ २०७९, आइतबार
22 May 2022, Sunday

## सौन्दर्य प्रतियोगितामा यौन हिंसा

# मनोज पाण्डे पक्राउ




**काठमाडौं/मस**-जबरजस्ती करणी गरेको आरोपमा प्रहरीले काठमाडौंको स्वयम्भूबाट मनोज पाण्डेलाई पक्राउ गरेको छ । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार एक युवतीले आठ वर्षअघि सौन्दर्य प्रतियोगिता अयोजना गरी आफूमाथि जबरजस्ती करणी गरेको सामाजिक सञ्जालबाट सार्वजनिक गरेपछि उक्त कार्यालयबाट खटिएको टोलीले शनिबार साँझ पाण्डेलाई नियन्त्रणमा लिएको हो ।

सामाजिक सञ्जालमा ती युवतीद्वारा सार्वजनिक श्रव्य सामग्रीमा पाण्डेमाथि सन् २०१४ मा मिस ग्लोबल इन्टरनेशनल नामक सौन्दर्य प्रतियोगिता आयोजना गरेको र कार्यक्रम सकिएपछि छ महिनासम्म आफूलाई धम्क्याएर करणी गरेको आरोप लगाइएको छ । उक्त घटनाको अनुसन्धानका लागि उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

प्रहरी प्रधान कार्यालयले उक्त भिडियोमा उल्लिखित विषयमा अनुसन्धान गर्न प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरको संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति बनाएको छ । समितिले घटनाको विषयमा आवश्यक अनुसन्धान गरिरहेको संयोजक कुँवरले बताए ।

काठमाडौंमा विरोध प्रर्दशन

सौन्दर्य प्रतियोगिताका आयोजकबाटै बलात्कार भएको घटनाका दोषीलाई कारबाही गर्न माग गर्दै शनिबार पनि काठमाडौंमा प्रदर्शन भएको छ । ८ वर्षअगाडि भएको घटनाबारे पीडित युवतीले हालै मुख खोलेपछि यो विषयमा अनुसन्धानको माग गर्दै प्रदर्शन भएको हो ।

पीडित भनिएकी युवतीले सामाजिक सञ्जालबाट आफूमाथि भएको अपराध सार्वजनिक गरेपछि दोषीलाई कारवाहीको माग गर्दै माइतीघर मण्डलामा प्रदर्शन भएको हो ।

प्रदर्शनमा सहभागीहरुले बलात्कार घटनाको कानुनमा रहेको हदम्याद हटाउन माग गरेका छन् । विद्यमान कानुनमा एकबर्षभित्र उजुरी दिनुपर्ने प्रावधान रहेकाले त्यसलाई हटाउनुपर्ने प्रदर्शनकारीको माग छ ।

छानबिन समितिलाई सहयोग गर्न आग्रह

गृह मन्त्रालयले महिला हिंसा भएको भनी केही दिनदेखि विभिन्न सामाजिक सञ्जालमा सार्वजनिक भएको भिडियोबारे अध्ययन गर्न बनेको छानबिन समितिलाई सहयोग गर्न सबैमा अनुरोध गरेको छ ।

मन्त्रालयले शनिबार एक विज्ञप्ति जारी गरी यस्ता विषयमा शीघ्र छानबिनमार्फत् सत्यतथ्य पत्ता लगाई दोषीलाई हदैसम्मको कारबाही गर्न नेपाल सरकार प्रतिबद्ध रहेको स्पष्ट पारेको छ ।

'पछिल्लो घटनाका सम्बन्धमा प्रहरी वरिष्ठ उपरीक्षक वसन्तबहादुर कुँवरको संयोजकत्वमा छानबिन समिति गठन गरिएको र समितिबाट छानबिनसमेत सुरु भइरहेको अवस्था छ, उक्त समितिलाई अनुसन्धान कार्यमा सहयोग गर्नुहुन मन्त्रालय सबैमा अनुरोध गर्दछ', गृहप्रवक्ता फडिन्द्रमणि पोखरेलद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

प्रहरीले शुक्रबार गठन गरेको उक्त छानबिन समितिमा प्रहरी उपरीक्षक कृष्ण कोइराला, प्रहरी नायब उपरीक्षक कोपिला चुँडाल, प्रहरी नायब उपरीक्षक हरि बस्नेत र प्रहरी निरीक्षक सपना खड्का छन् । समितिले शुक्रबारबाटै काम सुरु गरेको गृहमन्त्रालयले जनाएको छ ।

मन्त्रालयले उक्त सामग्रीका सन्दर्भमा बिहीबार प्रतिनिधिसभा बैठकमा सांसदबाट उठाइएको र सभामुखले रुलिङ गरेको तथा नागरिक समाजबाट कारबाहीका लागि प्रदर्शन एवं दबाबका सम्बन्धमा गृहमन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

# कृष्णनगरमा विजय ¥याली

**अजय मिश्र/मध्यान्ह**
कृष्णनगर, ७ जेठ



कपिलवस्तुको कृष्णनगर नगरपालिकाको प्रमुखमा रजत प्रताप शाह विजयी भएपछि खुशीयाली ¥याली निकालिएको छ ।

प्रतिनिधि सभा सदस्य अभिषेक प्रताप शाह लगायत नेपाली कांग्रेस पार्टी समर्थन, शुभचिन्तक लगायत स्थानीयहरुले विजय ¥याली निकालेका हुन् ।

विजय ¥याली कृष्णनगर नगरपालिकाको प्रत्येक वडामा पुगिएको थियो ।

उक्त विजय ¥याली कृष्णनगरको गोलघरमा आएर सभामा परिणत भएको थियो ।

सो अवसरमा जित नगरका जनताको भएको भन्दै कृष्णनगरलाई अझै विकसित बनाइने, स्वास्थ्य, शिक्षा, खानेपानी लगायत अन्य क्षेत्रमा अझै विकास गरिने वक्ताहरुले जोड दिएका थिए ।

वैशाख ३० गते भएको स्थानीय तह निर्वाचनमा शाह दोस्रो पटक नगरको प्रमुखमा विजयी भएका हुन् ।

उनले राप्रपाका उम्मेदवार दिपक रजौरीयालाई १४९६ मतान्तरले पछि पार्दै नगर प्रमुखमा पुनः विजयी भए ।

अहिलेको स्थानीय चुनावमा हजार भन्दा बढी मतले विजयी भएका शाह जनता माझ लोकप्रिय नेताका रूपमा परिचित छन् । उनी सरल स्वभाव तथा सबैको सुख दुःखमा सहभागी हुँदै नगरलाई विकासको बाटोमा अग्रसर गराउँदै आएका छन् ।

# कतारमा किरातीहरुले भव्यरुपमा मनाए साकेला उभौली पर्व

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, ७ जेठ



कतारमा रहेका किरातहरूले आफ्नो महान् चाड शालिवा स्याँदर पिदार, यक्वा तङनाम, साकेला उभौली-५०८२ भव्य रूपमा मनाएका छन् । कतारमा स्थापित तीन किराँती संस्थाहरू सुनुवार सेवा समाज, याक्थुङ चुम्लुङ कतार र किरात राई यायोक्खा शाखा कतारको संयुक्त आयोजनामा शुभकामना आदानप्रदान तथा विविध सांस्कृतिक कार्यक्रम सहित सम्पन्न भएको हो ।

स्वागत मन्तव्य तथा कार्यक्रमको महत्त्वको बारेमा कार्यक्रमका उपसंयोजक शंकरमान राईले प्रकाश पारेका थिए । तीन आयोजक संस्थाका नछुङद्वारा प्रकृति (भुमी) पुजा गर्दै कार्यक्रमको औपचारिक रूपमा ढोका उघारिएको थियो । जनजाति महासंघ कतारका अध्यक्ष पुरुषोत्तम सुनुवारको प्रमुख आतिथ्यता तथा सुनुवार सेवा समाज शाखा कतारका अध्यक्ष नीर बहादुर सुनुवारको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा थुप्रै सामुदायिक, सांस्कृतिक, वैचारिक तथा सामाजिक संघसंस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो । कार्यक्रममा दर्जनभन्दा बढी वक्ताहरूले शुभकामना मन्तव्य राखेका थिए । दुई चरणमा सम्पन्न कार्यक्रमको औपचारिकतालाई किरात याकथुङ चुम्लुङ कतारका महासचिव विवश लिम्बुले सहजिकरण गरेका थिए । वैशाख पूर्णिमामा मनाइने गरेको महान् चाड कतारमा सार्वजनिक बिदाको दिन पारेर मनाइएको हो ।

सांस्कृतिक कार्यक्रम अन्तर्गत सुनुवार सेवा समाजले स्यादरसिल झाँकी, किरात याकथुङ चुम्लुङका तर्फबाट केलाङ नाँच र किरात राई यायोक्खाका तर्फबाट साकेला सिली ना'च प्रस्तुत गरिएको थियो । कार्यक्रममा एक दर्जनभन्दा बढी कलाकारले मौलिक नृत्य तथा गायनद्वारा उपस्थितलाई मनोरन्जन प्रदान गरेका थिए । औपचारिक र सांस्कृतिक दुबै कार्यक्रमको समापन सभापति नीर बहादुर सुनुवारले गरेको थिए । सांस्कृतिक कार्यक्रमलाई विनोद लिम्बु र प्रकृति राईले सहजिकरण गरेका थिए ।

### उभौलीको महत्व

किराँतीहरुका हरेक चाड तथा संस्कार संस्कृतिहरू प्रकृतिसँगै जोडिएको हुन्छ । तिमध्ये उभौली चाड एक महान् चाड हो । जसलाई किरात सुनुवार समुदायले सालिवा श्यादर पिदार, लिम्बु समुदायले यक्वा तङ्नाम र किरात राईहरूले साकेला उभौली भन्ने गर्छन् ।

आदिम कालमा किराती पुर्खाहरूले अन्न बालीको खोज गरी बाली लगाउने बेला र उठाउने बेलालाई सिजनको रूपमा मान्न थालियो । दुई सिजन मध्य वैशाख महिनामा गर्मीको समयमा अन्न बाली लगाउने सिजनमा लगाएकोबालि सप्रियोस् भनेर भूमिको पूजा गर्ने चलन रहेको छ ।

त्यसैगरी अर्को सिजन मंसिर महिना जाडोको सिजनमा अन्न बाली भित्र्याउने समयमा पाकेको बाली आफू खानु अघि पितृहरूलाई चढाउँदै पितृको पूजा गर्ने चलन रहेको छ । जुन बेला प्रकृतिका चराचुरुङ्गी, जीवजन्तुहरू पनि जाडोको कारण तल बेसी तिर झर्ने, खोलाको माछाहरू पनि तल झर्ने भएका हुँदा यस लाई उँधौली चाडको रूपमा मान्ने गरिएको हो ।

वैशाखे पूर्णिमाको सिजनमा अन्नबालीहरू लगाउने र सिजनमा लगाएको बालीनाली सप्रीयोस भनेर भुमी पुज्दै किरातीहरुले आफ्नो पितृहरूलाई फेदाङ्बा/नछुङ् राखेर पितृ पूजा गर्दै ढोल झ्याम्टा बजाउँदै साकेला सिली/धान नाच/श्यादरसिल नाच्दै धुमधामका साथ मनाउने चलन छ ।

## मतदाताको...

उम्मेदवार गीता कुमारी पौडेललाई ५५९ मतले पराजित गरे । थापाले १७ हजार ५२५ र पौडेलले १६ हजार ९६६ मत प्राप्त गरे ।

उपप्रमुखमा पनि ६ दलीय गठबन्धनका तर्फबाट उम्मेदवार बनेकी कांग्रेस उम्मेदवार रेगिना भट्टराई १७ हजार ७२ मत ल्याएर निर्वाचित भइन् । उनीसँग एमालेका उम्मेदवार अम्बिका प्रसाद खनाल १६ हजार ५७४ मत ल्याएर पराजित भए । चुनाव अगाडि ओली आफ्नो गृहनगर दमकलाई एमालेको किल्ला भन्थे, तर परिणाम ठीक उल्टो आएको छ ।

ओलीको गृह नगरमै एमाले उम्मेदवार पराजित भएपछि नेतृत्वको बचाउ गर्दै एमाले स्थायी कमिटी सदस्य राजन भट्टराईले पार्टी र नेतृत्वलाई कमजोर बनाउने योजनाको भद्दा रूप भनेर टिप्पणी गरेका थिए । उनले भनेका छन्, 'नेपालमा बलियो राजनीतिक शक्तिका रूपमा रहेको एमाले दीर्घकालीन हिसाबले सफल नहोस् भनेर राष्ट्रिय-अन्तर्राष्ट्रिय सबै खाले तत्वहरू एक ठाउँमा उभिएर केही समयदेखि योजना बनाइरहेका थिए । त्यो योजनाको अन्तिम र भद्दा रूप दमकको गठबन्धन हो ।' भट्टराईले नेतृत्वलाई असफल बनाउनु भनेको सिंगो पार्टीलाई असफल बनाउने योजना भएको भन्दै असन्तुष्टि पोखे ।

भट्टराईको टिप्पणीको नेपाली कांग्रेसका प्रवक्ता प्रकाश शरण महतले खण्डन गरे । भट्टराईलाई महतको जवाफ छ, 'उहाँ केपी ओली आफ्नो मात्रै चल्छ भन्ने मानसिकतामा देखिनु हुन्छ । त्यो अवस्थामा स्थानीय आवश्यकताको आधारमा उम्मेदवारलाई हराउन तालमेल भएको हो । कुनै चलखेल भएको होइन ।'

एमालेका उपाध्यक्ष एवं एमाले संसदीय तलका उपनेता सुवास नेम्वाङले पनि गृह वडामा एमालेका उम्मेदवारलाई जिताउन सकेनन् । इलाम नगरपालिकाको वडा नम्बर १ को वडाध्यक्षमा एमाले उम्मेदवारलाई नेपाली कांग्रेसका उमेदवारले ५९ मतले पराजित गरे ।

कांग्रेसका तर्फबाट उमेदवार बनेका गायत्रीराम बस्नेतले एक हजार १८१ मत प्राप्त गर्दा पराजित एमालेका तर्फबाट वडाध्यक्षका उमेदवार बनेका अम्बिका गौतमले एक हजार २२ मत ल्याए । सत्तारुढ गठबन्धनको एक घटक जनता समाजवादी पार्टी (जसपा) का अध्यक्ष उपेन्द्र यादवको निर्वाचन क्षेत्र समेत रहेको सप्तरी जिल्लामा उनकै पार्टीलाई ठूलो क्षति भएको छ । यादवले जितेको क्षेत्र हो, सप्तरी क्षेत्र नम्बर २ । सदरमुकाम राजविराज सहित महादेवा, तिलाठी कोइलाडी र छिन्नमस्ता गाउँपालिका गरी ४ वटा पालिका यो क्षेत्रमा पर्दछ । तर, राजविराज बाहेक कुनै पनि पालिकामा जसपा विजयी हुन सकेन । राजविराजमा जसपाका भीमराज यादव प्रमुखमा निर्वाचित भएका छन् ।

तिलाठी कोइलाडी गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष दुबै पदमा कांग्रेस, महादेवाको अध्यक्ष र उपाध्यक्ष दुबै पदमा लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) विजयी भएको छ । पार्टी गत रुपमा पनि सप्तरीमा जसपाले क्षेति बेहोरेको छ ।

०७४ सालको निर्वाचनमा आफैं ५ पालिका जितेको जसपा यसपटक ३ सिट मात्रै सिमित भएको छ । तत्कालिन संघीय समाजवादी फोरम नेपालले जिल्लाको खडक, बोदे बर्साइन नगरपालिका तथा महादेवा, तिरहुत र बलान बिहुल गाउँपालिका जितेको थियो ।

संघीय समाजवादी फोरम र तत्कालिन राजपा मिलेर जसपा बन्दा पूर्व राजपाबाट जितेका ५ मध्ये ४ पालिका प्रमुख जसपामै रहेका थिए । यस्तै, डा. बाबुराम भट्टराई नेतृत्वको नयाँ शक्ति जसपामा मिल्दा सो पार्टीले जितेको एक पालिका पनि जसपाकै भागमा परेको थियो ।

तत्कालिन राजपाले जितेको हनुमाननगर कंकालिनी, डाक्नेश्वरी राजविराज नगरपालिका र रुपनी गाउँपलिकाका प्रमुख जसपामै रहे । नयाँ शक्तिले जितेको छिन्नमस्ता गाउँपालिका प्रमुख पनि जसपामै आए । यसरी हेर्दा १० पालिका जसपाको थियो । तर, यस पटकको चुनावमा जसपाले मात्र तीन पालिका जितेको छ ।

यस पटक जसपाले राजविराज, बोदे बर्साइन नगरपालिका र विष्णुपुर गाउँपलिका जितेको छ । राजविराज र बोदे बर्साइनमा प्रमुख र उपप्रमुख दुबै जितेपनि बिष्णुपुरमा प्रमुख पद मात्रै जितेको छ । यहाँको उप प्रमुखमा कांग्रेस विजयी भएको छ । जसपाले जितेको अर्को निर्वाचन क्षेत्र हो सप्तरी क्षेत्र नम्बर १ । यो क्षेत्रमा चार वटा पालिका छ । तर कुनैमा पनि जसपाले खाता खोल्न सकेन् ।

यो क्षेत्र अन्तर्गतको सप्तकोशी र कंचनरुप नगरपालिका तथा तिरहुत गाउँपालिकामा नेपाली कांग्रेस प्रमुख र उप प्रमुखसहित जित्दा अग्निसाइर कृष्णासावरण गाउँपालिकामा अध्यक्ष नेकपा एमाले र उपाध्यक्ष कांग्रेसले जितेको छ । कंचनरुप र तिरहुतमा जसपा दोस्रो स्थानमा रहेको छ । यो क्षेत्रबाट जसपाका सांसद डा. सूर्यनारायण यादव प्रतिनिधिसभामा जितेका छन् ।

जसपाका जिल्ला अध्यक्ष केदार यादव जितको हिसाबले पार्टी कमजोर देखिएपनि मत र प्रतिस्पर्धाको हिसाबले अगाडि नै रहेको बताउँछन् । नेकपा एकीकृत समाजवादी सम्मानित नेता झलनाथ खनालको गृह जिल्लामा पनि उनको पार्टीका उम्मेदवार पराजित भए ।

नेता खनालको जन्मगाउँ इलाम नगरपालिका १ मा खनालकै दलका उम्मेदवार पराजित भए । पाँच दलीय गठबन्धनबाट नेपाली कांग्रेसका उम्मेदवार वडाध्यक्षसहित ३ सदस्य विजयी हुँदा नेकपा एकीकृत समाजवादीका वडा सदस्यका उम्मेदवार भने एमालेका उम्मेदवारसँग पराजित भए । खनालको पुख्यौली घर रहेको वडामा गठबन्धनबाट कांग्रेस उम्मेदवार गायत्रीराम बस्नेत विजय भएका हुन् ।

समाजशास्त्री ममता शर्मा शीर्ष नेताहरुले गृह जिल्लामा पार्टीका उम्मेदवारलाई जिताउन नसक्नु दलीय राजनीतिमा नैतिक प्रश्न भएको बताउँछन् । आफ्नो पार्टीका उम्मेदवारलाई आफ्नै गृह नगरमा जिताउन नसक्नु शीर्ष नेताको मुल्यांकनको विषय दलीय राजनीतिमा गर्न सकिएला । यसलाई नैतिक प्रश्नको रुपमा पनि लिन सकिएला' शर्मा थपिछन्, 'तर, यसलाई शीर्ष नेताको अयोग्यताकै रुपमा भने अथ्याउन सकिन्न ।'

'शीर्ष नेताले भनेका मान्छेले आफुले भनेको मान्छ कि मान्दैन भनेर जनताले जाँच गरेर मतदान गर्ने ठाउँ हो स्थानीय तह' शर्मा थप्छिन्, 'यसकारण गृह जिल्लामा शीर्ष नेताका पार्टीका उम्मेदवार पराजित हुनुलाई नैतिक रुपमा लिन सकिएला तर, राष्ट्रिय राजनीतिमा शीर्ष नेताको छविलाई भने उनको गृह नगरको स्थानीय तहको चुनावले अर्थ राख्दैन् ।'

## स्थानीय...

डा. राजेश अहिराज बताउनुहुन्छ । ' यो अप्राकृतिक गठबन्धन हो, नेकपा एमाले टुटफुट, उम्मेद्वार छनौटमा ध्यान नपुग्दा र पार्टीभित्रै सन्तुलन बिग्रदाँ एमालेले क्षति ब्योहोर्नुपरेको हो, डा अहिराजले भने । उनले गठबन्धनबाट भन्दा पनि एक्लै चुनाव लड्दाँ हरेको दलको आकार देखिने बताएका छन् ।

गत चुनावमा राम्रो संख्यामा अघि बढेको एमाले अहिले भने कांग्रेसभन्दा झनै आधा सिटमा कम हुने देखिएको छ । सोही कारण कतिपयले वामएकता गर्नुपर्ने विषय उठाउन थालेपनि एमाले आगामी चुनावमा कसरी अघि बढ्छ त्यो भने चुनावी परिणाम पछि देखिनेछ ।

## भैरहवामा...

जेठ महिनाभित्र स्थानीयस्तरमा श्रम स्वीकृति दिने व्यवस्था गर्न आग्रह गरेका थिए ।

शुक्रबारको कार्यक्रममा स्थानीय जनप्रतिनिधि, उद्योगी व्यवसायीसहित सरोकारवलाहरुले वैदेशिक रोजगारीमा जानुअघि श्रमिकले पूरा गर्नुपर्ने सबै प्रक्रिया भैरहवाबाटै पूरा हुनुपर्ने माग गरेका थिए ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले पनि वैदेशिक रोजगार सम्बन्धी कार्यालयका साथै म्यानपावर कम्पनीका शाखा, अभिमुखीकरण तालिम दिने संस्था र स्वास्थ्य परीक्षण गर्ने संस्थाहरु पनि निकट भविष्यमै विस्तार गर्ने योजना रहेको बताएको छ ।

मन्त्री श्रेष्ठले काठमाडौंमा रहेको कतार भिसा सेन्टर (क्यूभीसी) र रोजगारीका लागि साउदी अरब जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने गाम्का अन्तर्गतका मेडिकलहरूलाई भैरहवामा स्थानान्तरण गर्न आग्रह गरिसकेको हाल गृहजिल्ला रूपन्देहीमा रहेका नेपाल वैदेशिक रोजगार व्यवसायी संघका संयोजक बिमलप्रसाद ढकालले मध्यान्हलाई जानकारी दिए । संयोजक ढकालले मन्त्रालयले आवश्यकताका म्यानपावर कम्पनीका शाखा अनुमति दिनुपर्ने र भैरहवा विमानस्थललाई लक्षित गरी रुपन्देहीमा शाखा खोल्ने अनुमति दिन ढिला गर्न नहुने पक्षमा संघ रहेको बताए ।

यसैबीच मन्त्री श्रेष्ठले सात वटै प्रदेशमा प्राविधिक शिक्षालय स्थापना गर्ने बताएका छन् । बुटवल तामनगरस्थित कोरिया नेपाल बहुप्राविधिक शिक्षालयको शनिबार अवलोकन गर्दै मन्त्री श्रेष्ठले सीपयुक्त जनशक्ति उत्पादनका लागि शिक्षण प्रतिष्ठान स्थापना गर्ने तयारी भइरहेको बताए । आफूले मन्त्रालयको जिम्मेवारी सम्हालेदेखि स्वदेश र विदेशमा सीपयुक्त प्राविधिक जनशक्ति निर्माण गर्ने योजना अघि सारेको मन्त्री श्रेष्ठले बताए ।

## एसोसिएसनमा...

निष्कर्षसहित उक्त निर्णय गरिएको जानकारी दिए ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले पनि अर्थ मन्त्रालयलाई आर्थिक वर्ष २०७९/०८० को बजेटमा वैदेशिक रोजगारका क्षेत्रमा तत्काल गरि नुपर्ने नीतिगत सुधारका सुझाव पेश गर्दै वार्षिक सय जना कामदार नपठाएमा इजाजतपत्र रद्द गर्न सक्ने र नवीकरण नहुने व्यवस्था कार्यान्वयन नगर्ने प्रावधान आउनुपर्ने माग गरेको छ ।

महासचिव कापलेले कामदारको एक महिनाको तलब वापतको रकम व्यवसायीले लिन पाउनुपर्ने, रोजगारदाताले हवाई टिकट नदिएको खण्डमा कामदार आफैंले टिकट काटेर जान पाउने व्यवस्था गर्नुपर्नेमा पनि एसोसिएसनको अडान रहेको बताए ।

एसोसिएसनले लक्की एचआर सोलुसन प्रा.लि.का सञ्चालक ऋषि शर्मा र चिरञ्जीवी बस्याललाई सल्लाहकार चयन गरेको छ । एसोसिएसन अध्यक्षका आकांक्षी शर्माले गत अधिवेशनमा अन्तिम समयमा प्रतिस्पर्धा छोडेका थिए ।

अध्यक्ष खनालले कास्की ओभरसिज प्रा.लि.का सञ्चालक अमर प्रकाश तिवारी र राज ग्रुप अफ कम्पनीका सञ्चालक राजकुमार ब्लोनलाई कार्यसमिति सदस्यमा मनोनयन गरेका छन् । तिवारी गत निर्वाचनमा अध्यक्ष खनाल प्यानलबाट महासचिव पदको उम्मेदवार रहेका थिए । एसोसिएसनको विधानमा अध्यक्षले ४ जना व्यवसायीलाई कार्यसमितिको सदस्यमा मनोनयन गर्न पाउने व्यवस्था छ ।

# सधैं विजेता : गुमानसिंह अर्याल

**जनक श्रेष्ठ/रासस**
लमजुङ, ७ जेठ

गुमानसिंह अर्यालले कहिल्यै हार ब्यहोर्नु परेको छैन । बेसीशहरका ६५ वर्षीय अर्याल प्रधानपञ्चदेखि हालको स्थानीय तह निर्वाचनसम्म सधैं विजेता बन्न सफल भएका छन् । बेसीशहर नगरपालिका वडा नं ९ का अर्याल बेसीशहर गाउँ पञ्चायतको प्रधानपञ्च हुँदै पुनःदोस्रो कार्यकालका लागि नगर प्रमुख बन्न सफल भएका हुन् ।

पञ्चायतकालमा जनपक्षीय उम्मेदवारका रुपमा विसं २०४३ मा उनी ३० वर्षको उमेरमा पहिलो पटक जनप्रतिनिधि अर्थात बेसीशहर गाउँ पञ्चायतको प्रधानपञ्च बनेका थिए । उक्त बेला बमबहादुर अर्याल, रणबहादुर अधिकारी, केन्द्रबहादुर सिलवाल, कमलबहादुर पौडेल, गणेशबहादुर रावललगायत सात जना उम्मेदवारलाई हराउँदै उनी प्रधानपञ्च भएका थिए । विसं २०४६ को परिवर्तनसँगै गाउँ पञ्चायत गाविसमा परिणत भयो ।

सोपश्चात् विसं २०४९ को स्थानीय निकायको निर्वाचनमा नेकपा (एमाले)ले बालकृष्ण बराललाई गाविस अध्यक्षमा र अर्याललाई वडा नं ८ को अध्यक्षको उम्मेदवार बनाएको थियो । नेपाली कांग्रेसका रणबहादुर अधिकारीसँग चुनावी प्रतिस्पर्धी गरेका बराल पराजित भए तर, भीमबहादुर कुँवरलाई पराजित गर्दै अर्याल वडाध्यक्षमा निर्वाचित भए ।

विसं २०५४ मा भएको स्थानीय निर्वाचनमा एमालेले अर्याललाई पुनःबेसीशहर गाविसको अध्यक्ष पदको उम्मेदावर बनायो । मोहनबहादुर थापालाई उपाध्यक्षको टिकट दियो । तर, हारे । यता कांग्रेस उम्मेदवार बेसीशहरका तिलकबहादुर पौडेललाई हराउँदै अर्याल भने गाविस अध्यक्षमा निर्वाचित भए ।

विसं २०५४ मा तिलकबहादुर पौडेललाई हराएका अर्यालसँग प्रतिस्पर्धा गर्न पौडेलकै जेठा छोरा भेषबहादुर पौडेल विसं २०७४ को निर्वाचनमा होमिए । तर, अर्यालले २९७ मतान्तरले पौडेललाई हराउनुभयो । अर्यालले त्यतिबेला सात हजार ६२४ मत प्राप्त गरे थियो भने पौडेलले सात हजार ३२७ मत प्राप्त गरेको थियो ।

सो बेलामा नेकपा (माओवादी केन्द्र)सँग मिलेर एमाले चुनावमा होमिएको थियो । तर यसपटकको स्थानीय तह निर्वाचनमा एक्लै निर्जाचन प्रतिस्पर्धामा लागेको एमालेको उम्मेदवार अर्यालले कांग्रेस, गठबन्धको तर्फबाट कांग्रेसका श्रीकान्त घिमिरेलाई प्रमुखमा पछि पार्दै दुई हजार आठको फराकिलो मतान्तरले जित हासिल गरेका थिए ।

अर्यालले नौ हजार ४७९ मत प्राप्त गरेको गरेका छन् भने कांग्रेसका घिमिरेले सात हजार ४७१ मत प्राप्त गरे । विसं २०३७ देखि कानून व्यवसायमा लाग्नुभएका अर्याल वरिष्ठ अधिवक्तासमेत हुन् । उनी जिल्लास्थित बार इकाइको अध्यक्षसमेत भइसकेका छन् । हाल एमाले गण्डकी प्रदेश कमिटी सचिवालय सदस्य रहेका उनी यसअघि जिल्ला कमिटी लमजुङको दुई कार्यकाल उपाध्यक्ष र पटकपटक कमिटीमा बसेर काम गरिसकेका छन् ।

# मेयर र उपमेयरलाई २५ किलोको माला



माधव बेल्वासे/मध्यान्ह
चन्द्रौटा, ७ जेठ

दियालो नेपाल कपिलवस्तुले शिवराज नगरपालिकाका नव निर्वाचित मेयर र उपमेयरलाई स्वागत गरेको छ। गत वैशाख ३० गते भएको निर्वाचनबाट मेयरमा अजय थापा र उपमेयरमा शिवकुमारी चौधरी विजयी बनेकाले संस्थाले २५/२५ किलोका मालाद्वारा सम्मान गरेको हो।

संस्थाका अध्यक्ष तारा थापा तथा संस्थापक अध्यक्ष मिना परियारले सम्मान गरेका थिए। दलित मानव अधिकार निगरानी समितिकी अध्यक्षसमेत रहेकी परियारले निर्वाचित प्रतिनिधिसँग नगरवासीले ठूलो अपेक्षा राखेकोले पाँच वर्षमा नमुना काम गर्न आग्रह गरिन्। मेयर थापालाई नगरको विकासका लागि थप जिम्मेवारी बढेको उनको भनाई थियो।

सम्मान ग्रहण गर्दै मेयर थापाले शिवराजको विकास र समृद्धिमा आफू कटिबद्ध भएर लाग्ने प्रतिवद्धता गरेका छन्। परियारले विगत ५ वर्षमा धेरै कामको अनुभव भएकोले अब नगरमा महिला किशोर किशोरीहरूको लागि प्रभावकारी काम गर्न उपमेयर शिवकुमारी चौधरीलाई आग्रह गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गरेकी थिइन्।

कार्यक्रममा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का प्रदेश कोषाध्यक्ष सइद अहमद शाहले नवनिर्वाचित मेयर उपमेयरलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए। स्थानीय तह निर्वाचन २०७९ बाट थापा राप्रपाबाट ७ हजार ६ सय २ मतर लिएर निर्वाचित बनेका थिए। यस्तै नेकपा एमालेबाट उपमेयरमा निर्वाचित चौधरीले ७ हजार ९ सय ५५ मत प्राप्त

## नगर प्रमुखको पहिलो निर्णयः एम्बुलेन्स खरिद

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह
रौतहट, ७ जेठ

रौतहटको राजदेवी नगरपालिकाका प्रमुख भिखारी प्रसाद यादवले एम्बुलेन्स खरिद गर्ने निर्णय गरेका छन्। उनले पदभार ग्रहण गरेलगतै जनताको स्वास्थ्यप्रति चिन्ता व्यक्त गर्दै एम्बुलेन्स खरिद गर्ने निर्णय गरिएको बताए।



शपथ ग्रहण कार्यक्रममा उनले आफू जनताको मालिक बनेर नभइ सेवक बनेर काम गर्ने तर्फ अग्रसर रहेकाले सहयोग गर्नका लागि कर्मचारीहरुलाई आग्रह गरेका थिए। विगत ३० वर्षदेखि जनता सेवामा कार्य गर्दै आएको परिश्रमको फल नगरवासीले नगरप्रमुखको जिम्मेवारी दिएका उनको भनाइ थियो।

जनताले दिएको जिम्मेवारी इमान्दारिता पूर्वक निर्वाह गर्ने उनको प्रतिबद्धता छ। नगर प्रमुख यादव नेकपा एकीकृत समाजवादीबाट निर्वाचित भएका छन्।

## नीति तथा कार्यक्रममा प्रदेशका योजना समेट्न सरकारको ध्यानाकर्षण

**पोखरा/मस–** गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नीति तथा कार्यक्रममा प्रदेशका योजना समेट्न संघीय सरकारको ध्यानाकर्षण गराएका छन्। उनले शनिबार प्रधानमन्त्री शेर बहादुर देउवालाई ध्यानाकर्षण पत्र बुझाउँदै संघीय सरकारको नीति तथा कार्यक्रम र वार्षिक बजेटमा समेट्नै पर्ने प्रदेशका योजनाको सूचीसहित बुढीगण्डकी जलविद्युत आयोजना यही वर्ष थाल्न आग्रह गरेका हुन्।



मुख्यमन्त्री पोखरेलले बुझाएको ध्यानाकर्षण पत्रमा उल्लेख छ, 'राष्ट्रिय विकास तथा अन्तर प्रदेश समन्वयात्मक विकासका लागि केही राष्ट्रिय गौरवका, रणनीतिक महत्वका र अन्तर प्रदेश विकासमा समेत महत्वपूर्ण हुन सक्ने आयोजनाहरूमा संघ सरकार र प्रदेश सरकारको लगानी साझेदारी हुनुपर्ने, आपसी समन्वयमा त्यस्ता आयोजनाहरूको कार्यान्वयन हुन जरुरी छ।'

राष्ट्रिय गौरव तथा प्रदेश गौरवका आयोजना सञ्चालित क्षेत्रमा निर्वाध रूपमा आयोजना सञ्चालन हुने वातावरण सुनिश्चित गर्न आवश्यक कानुन तथा मापदण्ड विकासको गरी निर्वाध रूपमा त्यस्ता आयोजना सञ्चालन हुने अवस्था विकास हुनुपर्ने भन्दै मुख्यमन्त्री पोखरेलले प्रधानमन्त्री देउवाको ध्यानाकर्षण गराएका छन्।

ध्यानाकर्षण पत्र ग्रहण गरेपछि प्रधानमन्त्री देउवाले प्रदेश र स्थानीय तहको समृद्धिमा नै समग्र मुलुकको समृद्धि निर्भर रहेको भन्दै गण्डकीबाट आएका योजनालाई प्राथमिकतामा राख्ने बताए। उनले उक्त ध्यानाकर्षण पत्र राष्ट्रिय योजना आयोग र अर्थमन्त्रालयमा पठाउने र सकेसम्म सबै योजना बजेटमा समेट्ने आश्वासन दिएका छन्।

कम लागतमा उच्च प्रतिफल दिने, गण्डकी प्रदेशको साथै राष्ट्रिय अर्थतन्त्रको विकासमा महत्वपूर्ण योगदान गर्नसक्ने उत्तरगंगा जलासययुक्त जलविद्युत आयोजना सञ्चालनमा ल्याउन प्रदेश सरकारको समेत लगानी साझेदारी हुनेगरी संघीय सरकारले आव २०७९/८० बाट कार्यान्वयनमा लैजान मुख्यमन्त्री पोखरेलले ध्यानाकर्षण गराएका छन्। उनले भनेका छन्, 'जलासययुक्त बुढीगण्डकी जलविद्युत आयोजना चालु आवबाटनै सुरुआत गर्ने गरी कार्य अगाडि बढाउन अनुरोध सहित गण्डकी प्रदेश सरकारको पनि लगानी साझेदारी हुने वातावरण बनाउन अनुरोध गर्छु।'

गण्डकी प्रदेश र लुम्बिनी प्रदेशको धार्मिक तथा पर्यटकीय प्रदर्द्धन गर्न दुवै प्रदेशको समन्वय र लगानीमा, संघ सरकारको समेत साझेदारीमा मुक्तिनाथदेखि गौतम बुद्धको जन्मस्थल लुम्बिनीसम्म जोड्ने मुक्तिमार्ग निर्माणको योजना समेट्ने मुख्यमन्त्री पोखरेलले माग गरेका छन्।

पोखरालाई नेपालको पर्यटकीय राजधानी घोषणा गर्ने र पोखराको मुख्य आकर्षक फेवातालको संरक्षण र विकासको लागि फेवाताल संरक्षण र विकास गुरूयोजना कार्यान्वयनको लागि लगानी सुनिश्चित हुनेपर्ने ध्यानाकर्षण पत्रमा उल्लेख छ।

गण्डकी प्रदेशसँग जोडिएका तीनवटा अन्तर्राष्ट्रिय नाकाहरु मुस्ताङको कोरला, नवलपरासीको त्रिवेणी र गोरखाको लार्के सीमा नाकामा भन्सार पूर्वाधार विकास गरी गरी नेपाल चीन २ देशीय व्यापार तथा वाणिज्य प्रवर्द्धन गर्नुपर्ने मुख्यमन्त्रीले आग्रह गरेका छन्।

यसैगरी गोरखाको आरुघाटदेखि चुमनुब्री हुँदै उत्तरी नाका लार्केसम्म मोटरबाटो निर्माणको लागि लगानी गर्नुपर्ने, धार्मिक पर्यटकीय क्षेत्र देवघाटको प्रदर्द्धन गर्न गण्डकी प्रदेशको तनहुँ र नवलपुर तथा बागमती प्रदेशको चितवन जोड्ने गरी त्रिकोणात्मक मोटरेबल पुल निर्माणका लागि उनले माग गरेका छन्।

पर्यटकीय राजधानी पोखरा र नेपालको राजधानी काठमाडौं जोड्ने द्रुतमार्ग विकासका साथै वैकल्पिक मार्गकारुपमा रहेको बुद्धसिंह मार्ग कालोपत्रे गर्न मुख्यमन्त्री पोखरेलले प्रधानमन्त्रीको ध्यानाकर्षण गराएका छन्।

गोरखकाली रबर उद्योग र भृकुटी कागज कारखानालाई पुनः सञ्चालन गर्न साझेदारीमा लगानी सुनिश्चित हुने वातावरण विकासका लागि समेत मुख्यमन्त्रीले पोखरेलले आग्रह गरेका छन्।

धार्मिक महत्व बोकेको पवित्र नदी कालीगण्डकी नदीलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्ने र यसको बहुपक्षीय विकासको लागि लगानी गर्नुपर्ने, अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनका लागि मासिक रुपमा रकम सामाजिक सुरक्षा कोषलाई उपलब्ध गराउन आगामी बजेटमा व्यवस्था गर्न पनि उनले माग गरेका छन्। मनाङको नार्पाभूमि गाउँपालिका अहिलेसम्म सडक सञ्जालसँग नजोडिएको र विकट भएकाले प्रदेश सरकारको क्षमता नपुग्ने हुँदा केन्द्रीय योजनामा समावेश गर्न ध्यानाकर्षण पत्रमार्फत् अनुरोध गरिएको छ।

## • सिरहा डायरी ▸ राजेन्द्र महतो/मध्यान्ह

### औरहीमा जसपा विजयी

सिरहाको औरही गाउँपालिकाको अध्यक्षमा जनता समाजवादी पार्टी (जसपा)का शिवजी यादव र उपाध्यक्षमा सोही पार्टीका रेणुकुमारी यादव विजयी भएका छन्। अध्यक्षमा यादवले ३ हजार ४६० मत प्राप्त गरि निर्वाचित भएका छन्। उनका निकटम प्रतिद्वन्द्वी नेकपा माओवादी केन्द्रका सिद्धार्थ यादवले २ हजार ८४ मत ल्याएका छन्।

यस्तै उपाध्यक्षमा रेणुकुमारी यादव ३ हजार ५५६ मतसहित विजयी भइन्। उपाध्यक्षमा नेकपा माओवादी केन्द्रकी विनिता कुमारी यादवले २ हजार ७८ मत पाइन्।

गाउँपालिका अध्यक्षमा निर्वाचित सिवजी २०७४ सालमा ६ मत अन्तरले पराजित भएका थिए।औरहीको वडा नम्बर १, ३ र ५ मा जसपा, २ मा नेकपा एमाले र ४ मा माओवादी केन्द्रवाट वडा अध्यक्षमा निर्वाचित भएका छन्।





### लक्ष्मीपुर पतारीमा कांग्रेस निर्वाचित

लक्ष्मीपुर पतारी गाउँपालिकाकोअध्यक्षमा कांग्रेसका चतुरानन्द ठाकुर र उपाध्यक्षमा सोही पार्टी का अमरकला यादव विजयी भएका छन्। अध्यक्षमा ठाकुरले ३ हजार ८४५ मत प्राप्त गरि विजय भएका छन्। उनका प्रतिद्वन्दी नेकपा एमालेका देव नारायण साहले ३ हजार ५८५ मत ल्याएका छन्। तेस्रो स्थानमा रहेका जनता समाजवादी पार्टी (जसपा) का केदारनाथ यादवले २ हजार ९५८ मत प्राप्त गरेका छन्।

उपाध्यक्षमा निर्वाचित कांग्रेसकी यादवले ३ हजार ८४८ मत प्राप्त गरि विजय भएकी छिन्। उनकी निकटतम प्रतिद्वन्दी जसपाकी रञ्जुकुमारी यादवले ३ हजार २३२ मत प्राप्त गरिन्। एमालेकी गिता देवी चौधरीले ३ हजार मत



### सुखीपुर नगरपालिकामा एमाले निर्वाचित

सुखीपुर नगरपालिकाको मेयरमा एमालेका राम अवतार यादव र उपमेयरमा सोही पार्टीका रेणु देवी साह पुन; निर्वाचित भएका छन्। मेयरमा यादवले ४४३४ मत ल्याएर निर्वाचित भएका छन्। उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका जीवछ यादव ३११२ मत ल्याएका छन्। नगरपालिकाको १० वटा वडा मधे ५ वटा वडामा एमालेका उम्मेदवार निर्वाचित भएका छन्। वडा नम्बर २ मा हरिनारायण यादव, वडा नं. ५ मा रामपुजन कामैत, वडा नं. ६ मा रामेश्वर साह, वडा नं. ७ मा सुरेन्द्र साह र वडा नं. १० मा देव नारायण यादव निर्वाचित भएका छन्। त्यस्तै, वडा नं. १ मा माओवादीका राजेन्द्र प्रसाद चौधरी, वडा नम्बर ३ मा जसपाका हरेराम यादव, वडा नम्बर ४ मा कांग्रेसका जितेन्द्र प्रसाद यादव, वडा नम्बर ८ मा कांग्रेसकै किशोरी प्रसाद चौधरी र वडा नं. ९ मा एकीकृत समाजवादीका दुलिचन्द यादव निर्वाचित भएका छन्।



### मिर्चैयामा माओवादी केन्द्र विजयी

मिर्चैया नगरपालिकाको मेयरमा नेकपा माओवादी केन्द्रका श्रवणकुमार यादव र उपमेयरमा पनि माओवादी केन्द्रकै जिवछी देवी निर्वाचित भएका छन्।

मेयरमा यादवले ५ हजार २ सय ३३ मत प्राप्त गरि निर्वाचित भएका छन्। उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कांग्रेसका सीताराम यादवले ४ हजार ७ सय १० मत प्राप्त गरेका छन्। मेयरमा यादव ५ सय २३ मतान्तरले विजय भएका हुन्। त्यस्तै उपमेयरमा माओवादीकी उम्मेदवार जिवछी देवी ५ हजार ७० मत ल्याएर निर्वाचित भएकी छन्। उनले निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसकी अनिता साहलाई ४४ मतान्तरले पराजित गरेकी हुन्। उपमेयरमा पराजित साहले ५ हजार २६ मत ल्याएकी छन्।



रुकुम पश्चिम

## दुई पालिकामा कांग्रेस, चार पालिकामा माओवादी विजयी

अर्जुन बिस्ट/मध्यान्ह
रुकुम पश्चिम, ७ जेठ

रुकुम पश्चिमका ६ वटै पालिकाको मतगणना सकिएको छ। अन्तिम मतपरिणाम अनुसार दुई पालिकामा नेपाली काग्रेस र चार पालिकामा माओवादीका उम्मेदवार विजयी भएका छन्। कांग्रेसले जितेको यी दुवै पालिकामा नेकपा एमालेसँग चुनावी तालमेल गरिएको थियो।



जिल्लाको मुसिकोट नगरपालिकामा नेपाली कांग्रेसका महेन्द्र केसी विजयी भएका छन्। केसीले ६ हजार ९ सय १४ मत प्राप्त गर्दा उनका निकटम प्रतिद्वन्द्वी माओवादीका बसन्त कुमार शर्माले ६ हजार ९ सय १ मत प्राप्त गरेका थिए। मुसिकोटको उपमेयरमा भने एकीकृत समाजवादीका बिमल कुमार पुन विजयी भएका छन्।

त्यस्तै, बाँफिकोट गाउपालिकाको अध्यक्षमा नेपाली कांग्रेसका जनक कुमार बाँठा विजयी भएका छन्। एमालेसँग गठबन्धन गरेका कांग्रेसका उम्मेदवार बाँठा माओवादीका उम्मेदवार चन्द्र बहादुर केसीलाई ३१ मतले पछि पारेर विजयी बनेका हुन्। बाँठाले ४ हजार ४ सय ५५ मत प्राप्त गर्दा उनका निकटतम प्रतिद्वन्द्वी केसीले ४ हजार ४ सय २४ मत ल्याए।

यस्तै, आठबिसकोट नगरपालिकाको मेयरमा माओवादीका रवि केसी विजयी भएका छन्। उनले ७ हजार ३ सय ९९ मत ल्याएर विजयी हुँदा उनका प्रतिस्पर्धी कांग्रेसका धिरेन्द्र कुमार बटालाले ६ हजार ६ सय १५ मत ल्याएका थिए।

चौरजहारी नगरपालिकामा पनि माओवादी केन्द्र विजयी भएको छ। चौरजहारीमा माओवादीका पुष्प वादी विजयी भएका छन्। वादीले ६ हजार ८ सय ८२ मत ल्याए भने, उनका प्रतिद्वन्द्वी कांग्रेसका उम्मेदवार प्रेम बहादुर ओलिले ६ हजार ३ सय ११ मत प्राप्त गरेका थिए।

सानीभेरी गाउपालिका र त्रीवेणी गाउपालिकामा माओवादी विजयी भएको छ। सानीभेरीमा माओवादीका उम्मेदवार बिर्ख बहादुर बिस्ट ६ हजार १९ मत ल्याएर विजयी बनेका हुन भने, उनका प्रतिद्वन्द्वी कांग्रेसका गोर्ख बहादुर चन्दले ४ हजार ३ सय २० मत प्राप्त गरे। त्रीवेणीमा माओवादीका उम्मेदवार गणेश कुमार केसी ५ हजार १ सय २९ मत ल्याएर विजयी भएका हुन भने कांग्रेसका उम्मेदवार अमर सिंह खड्काले ४ हजार २ सय ९३ मात्र मत प्राप्त गरेका थिए।

HOSPITALITY & HOTEL MANAGEMENT COURSES
होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै बारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ। यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस्। यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं।
Hotel Training Diploma 1750 Hrs Rs 160,000 F&B Service, Production, HK, Barista, FO, CSA English Free Jobs.
Short Courses
• Interview Tips • English Language • Service Staff Training
• Customer Service & Skill Development Training
GET TRAINED & DEVELOPE YOUR PERSONALITY
After Training 100% Job Guarantee !
तालिमपछि रोजगारको ग्यारेन्टी
VICTORIA INTERNATIONAL
VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

## सम्पादकीय

# निष्पक्ष छानबिन, कानूनी कार्बाही

स्थानीय चुनावको परिणाम सार्वजनिक हुने क्रम अन्तिम चरणमा पुगिरहँदा राष्ट्रिय राजनीति तर्फको चासो कम हुँदै गएको छ । निर्वाचन प्रक्रिया शुरू भएको झण्डै डेढ महिना देखिको आमचासो चुनावी परिणामतर्फ गएको थियो । अन्तिम परिणाम आउन बाँकी रहेपनि राजनीतिक सन्देश प्रष्ट भइसकेको छ । त्यसकारण पनि मुलुकको ध्यान अन्यत्र मोडिएको छ । तर त्यो आमचासो भने दर्दनाक छ । एक किशोरीले सौन्दर्य प्रतियोगिताका क्रममा आयोजकले नै बलात्कार गरेको भिडियो सन्देश सार्वजनिक गरेकी छन् । आठ वर्ष अगाडि आफूमाथि बलात्कार भएको ती किशोरीको आरोप छ । उक्त भिडियोपछि सडकदेखि संसदसम्म न्यायको मागमा आवाज उठेको छ । सभामुख अग्निप्रसाद सापकोटाले सरकारलाई छानबिन गर्न निर्देशन दिएका थिए ।

लगत्तै सरकारले एसएसपीको नेतृत्वमा छानबिन समिति बनाएको छ । भोलिपल्टै आरोपित पक्राउ परेका छन् । ती आरोपितलाई ६ महिनासम्म बलात्कारको आरोप लागेको छ । बलात्कारपछि ती किशोरीले डिप्रेसनमा गएको भिडियो सन्देशमा उल्लेख छ । लामो उपचारका क्रममा पनि ठीक नभएपछि भिडियो सन्देश सार्वजनिक गर्नुपरेको ती किशोरीले जनाएकी छन् । केही समय अगाडि पनि एक कलाकारमाथि यौन हिंसाको आरोप लागेको थियो । ती कलाकार अहिले थुनामा छन् भने उक्त मुद्दामाथि अन्तिम फैसला आउन बाँकी छ । ती कलाकारलाई पनि किशोरी बलात्कारकै मुद्दा लागेको छ । चलेका व्यक्तिहरूमाथि लागेको आरोप र किशोरीहरूको हिम्मतका कारणले यी घटना आमचासोको विषय बनेको छ ।

तर यस्ता कयौंन् घटना सार्वजनिक हुन नसकेको विभिन्न अध्ययनहरूले देखाउने गरेका छन् । सार्वजनिक भएका घटनामा पनि पीडितले न्याय पाएका छैनन् । निर्मला पन्त बलात्कार पछि हत्या प्रकरण त्यस्तै एक घटना हो । पाँच वर्ष पुग्दा पनि पन्त बलात्कार तथा हत्याका दोषी पहिचान हुन सकेको छैन । कमजोर पृष्ठभूमिका मात्रै नभएर सार्वजनिक क्षेत्रमै रहेकाहरूमा भएका यौन हिंसा सार्वजनिक भइरहेको छ । यसले हाम्रो छोरीहरू सुरक्षित हुन नसकेको तथ्य पुष्टि गर्छ । तर फेरि पनि हिंसाका घटना रोकिएका छैनन् । त्यसमा कानूनी कार्बाहीमाथि समेत प्रश्न उठ्ने गरेको छ । दोषीलाई सजिलै उन्मुक्ति दिइनेदेखि उल्टै बचाउने जस्ता घटनाले हिंसा थप प्रोत्साहित हुने स्वभाविक अनुमान लगाउन सकिन्छ । अतः छानबिनमा निष्पक्षता र दोषीमाथि कानूनी कार्बाही आवश्यक छ । एउटा मात्रै दोषीले उन्मुक्ति पाउनु भनेको हिंसालाई प्रोत्साहित गर्नु पनि हो ।

# कृषिमा बढ्दो परनिर्भरता

*आज हाम्रो कृषि प्रणाली निर्वाहमुखी मात्र भएको छ, यसलाई व्यवसायीकरण गर्न राज्यले ध्यान दिन सकेको छैन । कृषि क्षेत्रको विकासका लागि पर्याप्त बजेट विनियोजन गर्न सकेको छैन । छुट्याएको बजेट पनि सफल कार्यान्वयन हुन सकेको छैन ।*

अग्रलेख



● ध्रुव अधिकारी

भन्ने गरिन्छ, नेपाल कृषि प्रधान देश हो । कुल ग्राहस्थ उत्पादका दृष्टिले अब नेपाल कृषि प्रधान देश रहेन । अर्थतन्त्रमा सबैभन्दा धेरै योगदान पुऱ्याउने कृषि क्षेत्रको योगदान खुम्चिदै गएको छ । आर्थिक वर्ष २०७८/७९ मा जिडिपीमा कृषिको योगदान २३ दशमलव ९५ प्रतिशत रहेको देखिन्छ । यो पछिल्लो एक दशककै कम हो । आर्थिक वर्ष २०७०/०७१ मा कृषि क्षेत्रको योगदान ३० दशमलव ३१ प्रतिशत रहेको थियो । नेपालमा ६६ प्रतिशत जनता कृषि पेशामा आवद्ध छन् । यद्यपि कृषिमा परनिर्भरता उच्च छ । उच्च मात्रै होइन, कृषिमा परनिर्भरताको तथ्यांक डरलाग्दो छ । बेलैमा यस विषयमा नसोंच्ने हो भने नेपालीलाई दुई छाक खाना खान पनि विदेशमा श्रम शक्तिको पसिना बगाउनु पर्ने देखिन्छ ।



हरेक सरकारले मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउने घोषणा गर्छन् । बजेटमा पनि कृषिमा लगानी पनि राम्रै गरेको देखिन्छ । तर उपभोग्य वस्तुमा नेपालको परनिर्भरता तथ्यांकमा हेर्ने हो भने साढे १४ खर्बको कुल आयातमा यसको हिस्सा ३६.३ प्रतिशत रहेको देखिएको छ । चालु आर्थिक वर्षको ९ महिनामा नेपालमा ५ खर्ब ३२ अर्ब रुपैयाँ बराबरका उपयोग वस्तु आयात भएका छन् । जुन गएको आर्थिक वर्षको सोही अवधिको तुलनामा एक खर्ब ४४ अर्ब ९२ करोडले बढी हो । कुल आयातमा उपयोग वस्तुको हिस्सा बढ्दै जाँदा पुँजी निर्माण गर्ने वस्तुको हिस्सा भने घट्दै गएको देखिन्छ । यो नौ महिनामा एक खर्ब ५४ अर्ब ६७ करोड रुपैयाँ बराबरको पुँजीगत वस्तु आयात भएको छ । यो कुल आयातको १०.५ प्रतिशत बराबर हो ।

सरकारले प्रत्येक वर्षको बजेटमार्फत मुलुकलाई खाद्यान्नमा आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रमहरु पस्कने गरेको छ । चालु बजेटमा पनि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालगायतका आयोजनाहरु सञ्चालन छन् । कृषिमा श्रम परिचालन, कृषि कार्यको व्यवसायीकरण, यान्त्रिकरण र आधुनिकीकरण गरी काम र रोजगारी सिर्जना गर्ने भनिएको छ । त्यति मात्र होइन सिचाई, मल, बीउ, पुँजी प्रविधि र बजार सुनिश्चित, अर्गानिक खेतीको ब्राण्डिङ्ग गरी बजार प्रवर्द्धन, किसानलाई ऋणमा सहज पहुँच पुऱ्याउन किसान क्रेडिट कार्ड जस्ता आकर्षक कार्यक्रमहरु ल्याउने उद्घोष गरिन्छ । तर सरकारको भनाई र गराइमा कुनै तालमेल देखिँदैन । कुनै समयमा चामल निर्यात गर्ने कम्पनी खोलेका हामीले अहिले आफ्नो भान्सामा आवश्यक पर्ने खाद्यान्न, तरकारी तथा माछा-मासुसमेत विदेशीको भरपर्नु परेको छ । सरकारले हरेक वर्ष असार १५ को दिन धान दिवस मनाउँछ । यसलाई प्रमुख खाद्यान्न बाली पनि भनेको छ । तर चामल आयात वर्षेनी बढीरहेको छ । ०७८/०७९ को चैत मसान्तसम्म चामल मात्रै नेपालले ४० अर्ब भन्दा बढीको आयात गरेको छ ।

*नेपालको समृद्धिको मुख्य आधार नै कृषि हो । कृषि क्षेत्रको विकासबाट मात्रै ठूलो संख्यामा बेरोजगार घटाउन सकिन्छ । कृषिमा आधारित उद्योग सञ्चालन गरेर आन्तरिक खपत पुरा गर्न सकिन्छ । मुलुकको व्यापारघाटालाई घटाउने सुत्र पनि कृषि हो । अर्कोतिर, वैदेशिक मुद्रा आर्जन गर्ने माध्यम पनि कृषिलाई बनाउन सकिन्छ ।*

कृषिमा परनिर्भरता किन उत्कर्ष बिन्दुमा छ ? के हाम्रो कृषि नीति ठिक नभएर कृषिमा परनिर्भरता बढेको हो ? कतै हाम्रा युवाहरु रोजगारको खोजीमा विदेश पलायन भएर हाम्रा कृषि योग्य जमिनहरु बाँझो भएर परनिर्भरता बढेको त होइन ? कि कृषि क्षेत्रमा वैदेशिक लगानी भित्र्याउने नीति नभएर कृषिमा परनिर्भरता बढेको हो ? कतै कृषिमा आधुनिकीकरण नभएर परनिर्भरता बढेको त होइन ? यी सबै प्रश्नमा गम्भीर छलफल गरी निष्कर्षमा पुग्न जरुरी छ ।

कृषिमा परनिर्भरता उच्च विन्दुमा पुग्नु धेरै कारणहरु छन् । सर्वप्रथम कृषिमा आत्मनिर्भर बन्नका लागि जमिनलाई वैज्ञानिक सिद्धान्तबाट हेर्न जरुरी छ । जमिन जनताको साझा सम्पत्ति हुनु पर्दछ । जमिनको स्वामित्व राज्यको मातहतमा रहने नीतिलाई लक्ष्यमा राख्दै हाललाई क्रान्तिकारी भूमिसुधार अवलम्बन गरी जमिनदारी प्रथाको अन्त्य हुनु पर्दछ । जमिनलाई उपयोग गर्ने सम्बन्धमा वर्गिकरण गर्नु पर्दछ । जुन वर्गको जमिन हो त्यसैलाई त्यहिरुपमा बुझ्नु पर्दछ । जस्तो कृषि क्षेत्रको जमिन छ भने कृषि क्षेत्रमा घर बनाउन दिनु हुँदैन । आज हाम्रो कृषि प्रणाली निर्वाहमुखी मात्र भएको छ, यसलाई व्यवसायीकरण गर्न राज्यले ध्यान दिन सकेको छैन । कृषि क्षेत्रको विकासका लागि पर्याप्त बजेट विनियोजन गर्न सकेको छैन । छुट्याएको बजेट पनि सफल कार्यान्वयन हुन सकेको छैन । बढ्दो रोजगारी समस्याले हाम्रा युवाहरु विदेश पलायन भएका छन् । जसको कारण यहाँका जमिनहरु बाँझा छन् । परिणाम स्वरुप आन्तरिक उत्पादनमा कमी भई बढ्दो उपभोगलाई नथेग्ने अवस्थामा कृषिमा परनिर्भरता बढ्नु स्वभाविक हो ।

मुलुकमा भूमि वितरण प्रणालीमा सामन्ती राज्य व्यवस्थाको प्रभाव जर्जररुपमा कायम छ । हालसम्म पनि कृषि क्षेत्रमा समस्या असली रुपमा पहिचान हुन सकेको छैन । जमिनमाथि ठूलो दलाल पुँजीपतिहरुको एकाधिकार कायम छ । अझै पनि एक चौथाई किसानको आफ्नो जमिन छैन । राज्यले कुल बार्षिक बजेटको अत्यन्त न्यून रकम कृषिमा लगानी गर्दै आएको छ । जनसंख्या बढ्दो छ तर, उत्पादकत्व बढेको छैन । कृषिको मुख्य उत्पादन धानलाई मुलुकको अर्थतन्त्रको मेरुदण्डसँग जोडिएको छ । जुन वर्ष धानको उत्पादन घटछ, त्यो वर्ष कुल ग्राहस्थ उत्पादनको अवस्था पनि खुम्चिन्छ । देशमा साना ठूला गरी ६ हजारभन्दा बढी नदीनाला बग्छन् । तर किसानका लागि त्यो बरदान हुन सकेको छैन । देशमा उपलब्ध जमिनमा सिंचाई सुविधा पुऱ्याउन सकिन्छ । देशमा प्रशस्त खाद्यान्न उत्पादन हुनु भनेको जनताको आर्थिक स्थिति, जीवनस्तर माथि उठ्नु हो । जुन देशमा हरक्षण जनता गाँस, बास र कपासले पिरोलिन्छन् त्यस देशको प्रगति कहिल्यै हुँदैन । कृषि योग्य वस्तुमा मात्र आत्मनिर्भर हुन सके अर्थतन्त्रको अहिलेको प्रमुख समस्या व्यापारघाटा कम गर्न सहयोग गर्नेछ ।

अन्त्यमा, नेपालको समृद्धिको मुख्य आधार नै कृषि हो । कृषि क्षेत्रको विकासबाट मात्रै ठूलो संख्यामा बेरोजगार घटाउन सकिन्छ । कृषिमा आधारित कृषिजन्य उद्योग सञ्चालन गरेर आन्तरिक खपत पुरा गर्न सकिन्छ । जसले गर्दा हाम्रो व्यापारघाटालाई कम गर्न सक्छ । अर्कोतिर विदेशमा निर्यात गरेर वैदेशिक मुद्रा आर्जन गर्न सकिन्छ । जबसम्म हाम्रो जस्तो गरिब राष्ट्रले कृषिमा विकास गर्न सक्दैनौं तबसम्म मुलुक समृद्धिको दिशामा अघि बढाउन सकिँदैन ।

## सामाजिक सञ्जाल



**- पुष्पलाल पाण्डे**

जबसम्म गाउँ गाउँबाट भोकाहरुको भोक मेट्न सकिन्न, लाज छोप्ने एकसरो लुगा भेट्न सकिन्न, बाध्यताले परदेशिनेलाई रोक्न सकिन्न, काम खोज्दै हिँडेको बेरोजगारलाई काम दिन सकिन्न न त्यहाँ मेयर मेयर जस्तो रहन्छ , न त अध्यक्ष अध्यक्ष जस्तो रहन्छ । चुनाव सकिएको छ । हिजोसम्म चुनावकसरी जित्ने भनेर सोचेको दिमागले अब यता सोच्ने कि !



**- तारानाथ दाहाल**

अरुण ४ जलविद्युत परियोजना बनाउन सरकारले नेपाल विद्युत प्राधिकरणलाई अनुमति दिएको हो । तर प्राधिकरणले भारत सरकारको सतलज कम्पनीलाई ५१% हिस्सासहित स्वामित्व नै बेच्यो । यस अगाडि यसबारे कुनै सार्वजनिक जानकारी दिएको थिएन । के लगानी जुटाउन नसक्ने स्थिति थियो ? कुलमानजी, जवाफ छ ?



**- दिनेश अधिकारी**

पेट्रोल/डिजलको खपत घटाई अर्थतन्त्र सुधार गर्नका लागि २ दिन बिदा दिने निर्णय गर्नुअघि के सरकारले मन्त्रीहरुले पाउने एउटा मात्र मोटरको सुविधा उपयोग गर्ने आफ्नै निर्णय लागू गऱ्यो ? शाखा अधिकृत/उपसचिव र मन्त्रीका स्वकीय सचिवालयले सरकारी नीति विपरित मोटर सुबिधा लिने प्रचलनमा रोक लगायो ?



**- सुशिल न्यौपाने**

चुनावी नतिजालाई हेरेर माओवादी हौसिदैं गर्दा नबुझेको कुरा, उनीहरुले अघिल्लो निर्वाचनको परिणामसँग यस पटकको लेखाजोखा गर्न बाँकी नै राखेका हुन् या यस पटकलाई सञ्जीवनी बुटी मिलेको निष्कर्षमा पुगेका हुन् ? अवस्थाले त धेरै हौसिने देखाउँदैन ।



**- राधाकृष्ण कटवाल**

मुलुकमा बढ्दो व्यापार घाटाले विदेशी मुद्रा सञ्चितिमा गिरावट आएको र इन्धन खरिदले देश घाटामा गएको भन्दै हप्तामा दुई दिन सार्वजनिक बिदा दिएको सरकारका मन्त्रीको विदेश भ्रमण मोह र उच्च शिक्षाको नाममा विदेश पढ्न जाने विद्यार्थीमार्फत ९ महिनामा ४३ अर्ब रूपैयाँ बाहिरिएको छ । खै यता ध्यान ?

# सौन्दर्य प्रसाधन र सुन्दरी प्रतियोगिता

विचार



● अरूणा उप्रेती

सौन्दर्य प्रसाधनको कुरै नगरौं, यस्ता कम्पनीले कुन देशमा महिलालाई आफ्नो कम्पनीको मालसामान किन्न लगाउँदा फाइदा हुन्छ भनेर हेरिरहेका हुन्छन् । व्यापारीको धर्म नै कसरी हुन्छ व्यापार गर्नु र मुनाफा कमाउनुमा हुन्छ । सौन्दर्यको विषयमा, अनैतिक हुने भएन । तर, मैले समस्या चाहिँ तब देख्छु जब यस्ता सौन्दर्य प्रसाधन कम्पनीले मानवीय मूल्य, मानवीय सौन्दर्य चेतना आदि सबै महिलाको आँखा, नाक, दाँत, वक्ष र कम्मरमा हुन्छ भन्ने भावना जागृत गराइदिन्छन् । अनि बुद्धिजीवी भन्ने मजस्ता पनि त्यसको फन्दामा पर्छौं । सौन्दर्य प्रतियोगिता हुँदा कुनै देशका गाउँघरका, काम गरेर पसिना निकाल्ने, हातमा ठेला परेका, भारी बोकेर उकाली ओराली गर्ने युवती मञ्चमा उभिँदैनन् । उनीहरूसँग न पैसा हुन्छ, न त सौन्दर्य प्रसाधन कम्पनीले देख्ने अनुहार र शरीरको सौन्दर्य ।

पहिला पहिला पढिन्थ्यो, 'संसारमा सबभन्दा बढी सुन्दरी उत्पादन गर्ने देश हो भेनेजुएला ।' संसारमा सबभन्दा बढी तेल भण्डारण भएको भेनेजुएलामा युवतीहरूलाई सानैदेखि सुन्दरी हुन प्रेरित गरिन्थ्यो । पर्याप्त मात्रामा पैसा भएकाले सायद त्यहाँको समाज र परिवारले आफ्ना छोरीहरूलाई सौन्दर्य प्रसाधन दिन समस्या भोग्नुपर्दैनथ्यो । र, युवतीहरूको सपना नै सुन्दर बनेर 'विश्व सुन्दरी' को ताज पहिरने हुन्थ्यो । तर, यसका लागि त्यहाँका युवतीहरूले कस्तो बलिदान गर्नुपर्थ्यो भन्ने विचार 'सौन्दर्य' हेर्ने मानिसले थाहा पाउन सक्दैन । त्यहाँ १२ वर्षे बालिकाको नाक, पुट्ठाको शल्यक्रिया गरेर सौन्दर्य बढाउन मातापिता सहजै स्विकार्थे । १६ वर्षमा वक्षस्थलको शल्यक्रिया गरेर ठूलो देखाइने चलन पनि रहेछ । दाँतलाई मिलाउने त सहज कामै हो । तर, मातापिताले ९ वर्षीया बालिकालाई 'हर्मोन' सुई दिएर ठूलो बनाउने काम गरिन्थ्यो भन्ने पढेपछि चाहिँ लाग्यो, सौन्दर्यका लागि अलि बढी नै 'बलिदान' दिनुपर्ने रहेछ । ९ वर्षमा त्यस्तो हर्मोन दिएपछि ती बालिकाको शरीरमा कस्तो प्रभाव पर्ला भनेर त्यहाँको समाजले किन नसोचेको ? 'सुन्दरता' भएपछि 'स्वास्थ्य' बारे के वास्ता भनिएको होला सायद ।



*'सुन्दरी प्रतियोगिता' मा बुद्धिको प्रतिस्पर्धा हुँदैन । शल्यक्रिया, क्रिम, मेकअप, लुगा आदिले निर्णय गरिन्छ । सौन्दर्य प्रसाधन कम्पनीलाई कुन देशमा आफ्नो व्यापार फैलाउनु छ, त्यहाँका महिलालाई 'सौन्दर्यप्रति जागरूक गराएर त्यहीँका महिलालाई 'विश्व सुन्दरी', 'ब्रह्माण्ड सुन्दरी' बनाइन्छ ।*

'सुन्दरी प्रतियोगिता' मा बुद्धिको प्रतिस्पर्धा हुँदैन । शल्यक्रिया, क्रिम, मेकअप, लुगा आदिले निर्णय गरिन्छ । सौन्दर्य प्रसाधन कम्पनीलाई कुन देशमा आफ्नो व्यापार फैलाउनु छ, त्यहाँका महिलालाई 'सौन्दर्यप्रति जागरुक गराएर त्यहीँका महिलालाई ' विश्व सुन्दरी', 'ब्रह्माण्ड सुन्दरी' बनाइन्छ । भारत, चीन, थाइल्यान्डमा पनि कम्पनीहरूले 'विश्व सुन्दरी' र 'ब्रह्माण्ड सुन्दरी' बनाइदिए । अब ती ठाउँका महिलाले धेरै प्रसाधन प्रयोग गर्छन् । भारतमा पहिले पहिले मिस इन्डियालाई 'तपाईं के गर्न चाहनुहुन्छ' भनेर प्रश्न गर्दा 'समाज सेवा' भन्थे । 'मदर टेरेसा' मन पर्छ भन्थे । तर, पछि कुनै पनि भारतीय 'विश्व सुन्दरी', 'ब्रह्माण्ड सुन्दरी'ले 'समाज सेवा' गर्छु भनेको बाचा सम्झेनन् ।

### कर्णालीमा मिस नेपालको अडिसन

"कर्णालीमा मिस नेपालको अडिसन" मा त्यहीँ बसेका महिला र युवतिले मात्र भाग लिने कि ठुला शहरमा बसेर स्कुल पढेकाहरुले पनि भाग लिन पाउने ? यो प्रतियोगिता ट्यालेन्सी, एक्स्पोजर र शिक्षा प्रस्तुत गर्ने इभेन्ट मात्र हो, 'यसले जस्तोसुकै अप्ठ्यारोलाई पनि ट्याकल गर्न सक्ने क्षमता प्रदान गर्छ ।' कर्णालीको विविधता प्रवर्द्धनका लागि यस्ता कार्यक्रम सहयोगी हुने रे । कर्णाली कसरी पढ्ने / लेख्नेको प्रतियोगिता हुन्न, त्यहाँ प्रतियोगिता हुन्छ त किरिम र पाउडर लगाएर गोरो बन्ने प्रतियोगिता हुन्छ । प्रश्न मात्र गरेको, के यो नै "नयाँ नेपालको महिला हो ? प्रश्न मात्र गरेका, छाउगोठमा बसेर कर्णालीमा मिस नेपालको अडिसनमा भाग लिने कसले होला ?

*(लेख लेखक उप्रेतीको फेसबुक वालबाट साभार गरिएको हो ।)*

# आईएमएफबाट ऋण पाउने आशामा श्रीलंका



**काठमाडौं/एजेन्सी–** चरम आर्थिक संकट खेपिरहेको श्रीलंकाले देशमा गम्भीर खाद्यान्न अभावको चेतावनी दिएको छ। संकट व्यवस्थाका निम्ति अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) बाट ऋण पाउने आशामा सरकार रहेको छ।

खाद्यान्न संकटबाट पार पाउन तथा उत्पादकत्व बढाउन प्रधानमन्त्री रनिल विक्रमासिङ्घेले आगामी खेतीको याममा पर्याप्त मल खरिद गर्ने वाचा गरेका छन्। गत वर्ष अप्रिलमा राष्ट्रपति गोटाबाया राजापाक्षले रासायनिक मल आयातमा प्रतिबन्ध लगाउन गरेको निर्णयले उत्पादनमा ठूलो ह्रास आएका बेला वर्तमान सरकारले प्रतिबन्धलाई उल्टाइदिए पनि मल आयात भएको छैन।

यही याममा गरिने खेतीका लागि मल खरिदको समय नहुनसक्छ, तर आउँदो खेतीको याममा पर्याप्त मल खरिद एवं भण्डारण सुनिश्चित गर्न आवश्यक प्रयास थालिएको प्रधानमन्त्री विक्रमासिङ्घेले बताएका छन्। 'परिस्थितिको गम्भीर्यलाई स्वीकार गर्न म सबैलाई हार्दिक आग्रह गर्दछु,' उनले सामाजिक सञ्जालमा भनेका छन्।

श्रीलंकाले विदेशी मुद्रा, इन्धन र औषधिको चरम अभावको सामना गरिरहेको छ र आर्थिक गतिविधि सुस्त भएका बेला यहाँको पेट्टाह बजारमा फलफूल र सागसब्जी बेचिरहेकी ६० वर्षीया सुमनावती जीवन कति कठिन छ भनेर कुरा गर्नुको कुनै अर्थ नरहेको बताउँछिन्। 'दुई महिनामा के हुन्छ म भविष्यवाणी गर्न सक्दिन,' श्रीलंकालीहरूको भविष्य अनिश्चित बनेको पीडा पोख्दै उनी भन्छिन्।

सुमनावतीको पसल नजिकै खाना पकाउने ग्यास सिलिन्डर बेच्ने पसल अगाडि लामो लाइन लागेको छ, ग्यास सिलिण्डरको मूल्यले आकाश छोएको छ। ग्यास सिलिण्डरको पसरलमा पाँचसय जना लामबद्ध भए पनि करिब त्यहाँ करिब दुईसय सिलिन्डर छन्। पाँचजनाको परिवारको भरणपोषण गर्दै आएका मोहम्मद साजली तीनदिनदेखि ग्यास पाइने आशामा लाममा बसेका छन्। आंशिकरुपमा सवारी साधन चलाएर अर्थोपार्जन गर्ने उनलाई घरव्यवहार चलाउन धौ-धौ भएको छ। उनी भन्छन् -बिना ग्यास, मट्टितेल हामी केही गर्न सक्दैनौं। अन्तिम विकल्प खानाबिना मर्ने हो। केन्द्रीय बैंकका गभर्नरले भने विश्व बैंकसँग ऋण लिएर इन्धन र खाना पकाउने ग्यास ढुवानीका लागि भुक्तानीको व्यवस्था गरिएको बताए पनि आपूर्ति सहज हुन सकेको छैन। आगामी दुई महिनामा मुद्रास्फीति थप बढेर ४० % सम्म पुग्न सक्ने बताउँदै उनले ठूलो मात्रामा आपूर्तिको दबाबले तत्काल समस्या समाधानका सङ्केत नदेखिएका जनाएका छन्।

यो महिना खाद्यान्नको मूल्य ४६.६ प्रतिशतले बढेर मुद्रास्फीति २९.८ प्रतिशत पुगेको छ। सरकार विरुद्ध आक्रोश फैलिएपछि बिहीबार कोलम्बोमा सयौं विद्यार्थी प्रदर्शनकारीलाई पछाडि धकेल्न प्रहरीले अश्रुग्यास र पानीको फोहोरा प्रहार गरेको थियो। प्रदर्शनकारीले राष्ट्रपति र प्रधानमन्त्रीलाई पदमुक्त गर्न माग गरिरहेका छन्।

गत हप्ता प्रधानमन्त्री पदबाट राजीनामा दिएका राष्ट्रपति राजापाक्ष र उनका भाइ महिन्दाको सरकारले पर्यटनमा आधारित अर्थतन्त्र, तेलको मूल्यमा भएको वृद्धि र लोकतान्त्रिक कर कटौतीका कारण कोभिड-१९ महामारीले देशमा आर्थिक संकट उत्पन्न भएको भन्दै आफ्नो बचाउ गरिरहेका छन्।

सात आर्थिक शक्तिहरूको समूहले श्रीलंकाको लागि ऋण राहत प्रदान गर्ने प्रयासहरूलाई समर्थन गरेको छ भने ऋण पुनर्संरचनाको योजना लगभग टुङ्गिएको जनाइएको छ। अन्तर्राष्ट्रिय मुद्रा कोष -आईएमएफ)ले पनि श्रीलंकामा विकसित घटनाक्रमलाई नजिक नियाली रहेको र आगामी मंगलबार कोलम्बोलाई ऋण उपलब्ध गराउनेसम्बन्धी वार्ताले सकारात्मक परिणाम ल्याउने अपेक्षा गरिएको बताएको छ।

यसैबीच श्रीलंकामा संकटकाल हटाइएको छ। झण्डै दुई सातापछि संकटकाल हटाएको हो। सरकारविरोधी प्रदर्शनबीच श्रीलंकाका राष्ट्रपति गोटाबाया राजापाक्षेले ६ मेमा मध्यरातदेखि लागू हुने गरी आपतकालको घोषणा गरेका थिए। राजापाक्षेले एक महिनामा दोस्रो पटक आपतकाल घोषणा गरेका थिए। शुक्रबार मध्यरातबाट लागू हुने गरी आपतकाल हटाइएको राष्ट्रपतिको सचिवालयले जनाएको छ।

# मारियोपोलमा युक्रेनी सेनाले आत्मसमर्पण गरेको रूसको दाबी



**काठमाडौं/एजेन्सी–** युक्रेनको बन्दरगाह सहर मारियोपोलमाथि रूसले विजय हासिल गरेको दाबी गरेको छ। मारियोपोलको आजोभ्स्टाल स्टील उद्योगमा रहेका बाँकी सैनिकहरूले शुक्रबार आत्मसमर्पण गरेसँगै अब उक्त शहर पूर्णरूपमा रूसी सेनाको नियन्त्रणमा गएको हो।

उक्त विशाल औद्योगिक क्षेत्रमा रहेका युक्रेनी लडाकूहरूले रुसलाई सो सहरमाथि पूर्ण रूपमा नियन्त्रण कायम गर्न महिनौंदेखि रोकिरहेका थिए। शुक्रबार युक्रेनी फौज पछि हटेसँगै मारियोपोलमा ठूलो क्षति हुनेगरी भएको सबैभन्दा डरलाग्दो घेराबन्दी पनि समाप्त भएको बताइएको छ।

रुसी रक्षा मन्त्रालयले ५३१ युक्रेनी लडाकूहरू त्यहाँबाट हटेपछि मारियोपोल र सो स्टील उद्योग 'अहिले पूर्णतः मुक्त' भएको जनाएको छ। लडाकूहरू लुकिरहेको उक्त उद्योगका भूमिगत क्षेत्रहरू पनि रुसी सशस्त्र बलको पूर्ण नियन्त्रणमा आएको एक विज्ञप्तिमा रूसले जनाएको छ।

युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले त्यहाँ खटेका अन्तिम सुरक्षाकर्मीहरूलाई उक्त स्थान छाड्न आदेश दिइएको स्वीकार गरेका छन्। शुक्रबार एउटा टेलिभिजन च्यानलसँग कुरा गर्दै उनले भने, 'आज युक्रेनी सैनिक नेतृत्वले उनीहरूलाई उनीहरूले त्यहाँबाट बाहिर निस्किन र आफ्नो ज्यान जोगाउन सक्ने स्पष्ट सन्देश दिएको छ।'

हप्तौँसम्म आजोभ्स्टाल क्षेत्र पूरै घेराबन्दीमा रहँदै आएको थियो। रूसी सैनिकहरूले त्यस क्षेत्रमा सबै मानवीय सहायतालाई अवरोध पुऱ्याउँदै त्यहाँ गोलाबारी गर्दै आएका थिए। उनीहरूले त्यहाँ सुरक्षार्थ खटिएका युक्रेनी फौजलाई आत्मसमर्पण गर्न भनिरहेका थिए। उक्त क्षेत्रमा फस्ने कैयौं गैरसैनिक नागरिकमध्ये महिला, बालबालिका र ज्येष्ठ नागरिक पनि रहेको युक्रेनी अधिकारीले बताएका छन्।

# मोदीले भारतलाई बोल्न नपाउने देश बनाए : गान्धी



**काठमाडौं/एजेन्सी–** भारतीय राष्ट्रिय कांग्रेसका नेता राहुल गान्धीले प्रधानमन्त्री नरेन्द्र मोदीले भारतलाई बोल्न नपाउने देश बनाएको आरोप लगाएका छन्। लण्डनमा शुक्रबार आयोजित एक सम्मेलनमा उनले प्रधानमन्त्री मोदी र केन्द्र सरकारको आलोचना गर्दै भारतमा स्वतन्त्र अभिव्यक्तिको कदर हुन छाडेको बताए।

'भारत बोल्न नपाउने देश बन्न सक्दैन, स्वतन्त्र रूपमा बोल्न पाउनुपर्छ प्रधानमन्त्रीमा 'म सुन्न चाहन्छु,' भन्ने मनोवृत्ति हुनुपर्छ,' प्रधानमन्त्री मोदी, भारतीय जनता पार्टी र राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) लाई आक्रमणको निशाना बनाउँदै उनले भने।

अवसरहरूमा सबैको समान पहुँच सुनिश्चित हुनुपर्नेमा जोड दिँदै उनले कर्मअनुसार सबैको समान पहुँच हुनुपर्छ भन्ने आफ्नो मान्यता भएको स्पष्ट गर्दै दलित होस् वा ब्राह्मण समान व्यवहार र अवसर उसले पाउनुपर्ने ५१ वर्षीय नेता गान्धीले थपे।

भारतीय लोकतन्त्र विश्वकै लागि महत्वपूर्ण रहेको र त्यो विश्वव्यापी जनहितका निम्ति भएको बताउँदै उनले लोकतन्त्रलाई व्यवस्थित गर्न नसके त्यसले समस्या निम्त्याउने तर्क गरे। यो यथार्थलाई संयुक्त राज्य अमेरिकाले महसुस गरिरहेको पनि नेता गान्धीले उल्लेख गरे।

# अफ्रिकी देशहरूलाई एएफडीबीद्वारा १.५ अर्ब डलर सहयोगको घोषणा

**काठमाडौं/एजेन्सी–** अफ्रिकी विकास बैंक (एएफडीबी)ले अफ्रिकी देशहरूलाई सम्भावित खाद्य संकटबाट बचाउन १.५ अर्ब अमेरिकी डलर अनुमोदन गरेको बताएको छ। शुक्रबार चिनियाँ समाचार संस्था सिन्ह्वालाई उपलब्ध गराइएको जानकारीमा बैंकले भनेको छ, 'रूस-युक्रेन संकटबाट उत्पन्न खाद्य आपूर्तिको अवरोधका कारण अफ्रिकाले अहिले कम्तीमा तीन करोड मेट्रिक टन खाद्यान्नको अभाव सामना गर्नु परेको छ। अफ्रिकामा गहुँ, मकै र भटमासजस्ता प्रमुख खाद्यान्नको स्रोतको अभाव सामना गर्नु परेको छ।'

'खाद्य सहायताले अफ्रिकालाई खुवाउन सक्दैन। अफ्रिकालाई खाद्यान्नका लागि माग्नुपर्ने आवश्यकता पर्दैन तर, अफ्रिकालाई जमिनमा बीउ र स्थानीय तवरमा प्रशस्त मात्रामा उत्पादन हुने अन्न काट्ने गर्न यान्त्रिक औजारको खाँचो छ र यसका लागि बैंकको सहयोग आवश्यक रहेको पुष्टि हुनेछ,' एएफडीबीका अध्यक्ष अकिनवुमी अडेसिनाले भने।

बैंकले खाद्य आपूर्ति तुरुन्त बढाउन मे महिनामा रोप्ने मौसम शुरु हुनुभन्दा पहिले अफ्रिकी कृषकहरूलाई तत्काल उच्च गुणस्तरीय बीउ र अन्य खाद्यान्नका सामानको आवश्यकता भएको बताएको छ।

बैंकका अनुसार अफ्रिकी आकस्मिक खाद्य उत्पादन केन्द्रमार्फत् साना कृषकहरूलाई खाद्यान्नको कमीबाट पर्ने समस्यामा सहयोग गर्ने पहलस्वरूप १.५ अर्ब अमेरिकी डलर सहयोग गर्नेछ।

यस सुविधाले २० लाख अफ्रिकी साना किसानलाई प्रमाणित बीउ उपलब्ध गराउने छ। यसले कृषि मलको पहुँच बढाउने र उनीहरूलाई खाद्यान्नको उत्पादन बढाउन सक्षम बनाउने कुरा पनि बैंकले उल्लेख गरेको छ।

# अमेरिकी र दक्षिण कोरियाली राष्ट्रपतिबीच भेटवार्ता

**काठमाडौं/एजेन्सी–** अमेरिकाका राष्ट्रपति जो बाइडेन र दक्षिण कोरियाका नवनिर्वाचित राष्ट्रपति युन सुक–योलका बीचमा शनिबार भेटवार्ता भएको छ। योल राष्ट्रपतिमा निर्वाचित भएपछि पहिलो पटक दक्षिण कोरियाको भ्रमणमा आएका बाइडेन र योलबीच सोलमा भेटवार्ता भएको हो।

आणविक हतियारको चर्चा र कोरोना भाइरसको महामारी चलिरहेका बेला भएको उनीहरूको भेटवार्तालाई महत्वका साथ हेरिएको छ। उनले सोल राष्ट्रिय स्मृति पार्कमा प्रार्थना गरेर भ्रमणको सुरुवात गरेको अधिकारीहरूले जानकारी दिएका छन्।

त्यसपछि दुई राष्ट्रपतिका बीचमा छलफल भयो र पत्रकार सम्मेलन गरे। उनले आइतबार जापानको भ्रमण गर्ने कार्यक्रम रहेको छ। उनीहरूले आणविक हतियारसँगै रुस–युक्रेन युद्धलगायत विषयमा पनि छलफल गरेको जनाइएको छ। त्यसैगरी आपसी सम्बन्ध थप बलियो बनाउने, सहकार्य बढाउनेलगायतका विषयमा पनि छलफल भएको अधिकारीहरूले जनाएका छन्।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०२/०८**

**ओम शिव पोलिक्लिनिक प्रा.लि.** को मिति २०७९/०१/०५ गते बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **समित माउन्ट हस्पिटल प्रा.लि. (प्रा. लि. नं.: २८२३८९)**, कायम गर्ने गरी मिति **२०७९/०१/१२** गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**भगवत अवतरण महोत्सव एवं साधारण सभा बारे सूचना**

कल्की अवतार भागवान सदानन्दजी को भगवत अवतरण महोत्सव एवम केन्द्रिय कार्य समितिको बार्षिक साधारण सभा तपसिल बमोजिम हुने भएको हुँदा सम्पूर्ण भगवत भक्त सेवकहरुमा उपस्थितिको लागि अनुरोध छ।

**तपसिल :**

१) भगवत अवतरण महोत्सव (१८ जेठ शुक्ल द्वितिया)
कल्कीपुरुष धाम आश्रम,भैरहवा-६
२) बार्षिक साधारण सभा (२०७९ जेठ १९ बाट)
कान्दु वैश्य धर्मशाला,भैरहवा-६,सिद्दार्थनगर

**सचिव**
तत्व ज्ञानी दिपक लामा
**सदानन्द भगवत ज्ञान प्रचार परिषद केन्द्रिय कार्यालय,काठमाडौं**

**ADMISSION OPEN !**

National Language School Pvt. Ltd opens admissions for First Semesters in Chinese, English, Nepali and Sanskrit languages in limited seats for Non Academic for June/July 2022 intake for Foreigners.

| S.N | Language | Semester | Seats |
|---|---|---|---|
| 1 | Chinese | first | 20 |
| 2 | English | first | 20 |
| 3 | Nepali | first | 20 |
| 4 | Sanskrit | first | 20 |
| | | Total | 80 |

**Early Registration Deadline:** May 25,2022
**Registration Deadline :** June 30, 2022
**Registration Deadline With late fee:** Rs 5000 (july 15, 2022)
**Course Start Date:** july 4, 2022. And july 18,2022.
**Seats:** Only 80 Seats Availables

**For Details, Admissions And Registration**

Email: national20language@gmail.com

**National Language School Pvt.Ltd.**
**Address: Thamel, Narshingchowk, ktm, Nepal.**
**Tel: 014700640**
**Mobile No.: 9823211172, 9801038011**
**Study Visa Available for Foreigners.**


**Female Staff Required**

A Leading Recruitment Agency needs young, highly smart and Intelligent Female Staff for the Following post.

◆ Office Representative: 2 Female
Qualification; 10+2 Passed Salary: 18,000 Above
Age Limit: 24 to 35 (Good Communication in English)

◆ Receptionist: 2 Female
Qualification; S.L.C Salary: 12,000 (Age : 23 to 25)

Note: Experience in related field will be preferred. Freshers can also Apply



Email:ssgroupofm17@gmail.com

श्रम इजाजत नं. ११००/०७३/०७४

**S.S. Group of Management Pvt. Ltd.**
Call between 10 Am to 5 pm.
Contact: 9851002881, 9843193397
Tel: 01-5104681, 01-5104682, Tinkune, Kathmandu.

**Qatar मा बैदेशिक रोजगारको अवसर**

कम्पनी: AL RASHID TRADING AND CONT., DOHA, QATAR

पूर्व स्वीकृती मिति २०७९।०२।०४ | चलानी नं. ६०१७९३८५ | LT.No. 263068

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु | हप्तामा काम गर्ने दिन | प्रतिदिन काम गर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Civil Engineer | 01 | - | कामगर्ने दक्ष | 4200 | १४२,६६० | ६ दिन | ८ घण्टा | [illegible] | [illegible] | छ | छ | २ वर्ष |
| 2 | Electric Tech | 06 | - | | 1100 | ३७,३६५ | | | | | | | |
| 3 | Labourer | 09 | - | | 1000 | ३३,९७० | | | | | | | |
| 4 | Foreman | 01 | - | | 2500 | ८४,९१५ | | | | | | | |

अन्तर्वार्ता २०७९ जेठ १४ गते (28 May., 2022) मेनपावर कार्यालय लाजिम्पाटमा हुनेछ।

**रोयल ओभरसिज नेपाल प्रा. लि.**
लाजिम्पाट काठमाण्डौ फोन नं.:-०१-४४२११५६/४४३२२४४

**मलेसियामा रोजगार**

१. कम्पनी : MH AGRICULTURE SECTOR
शहर: Seremban
पूर्व स्वीकृत मिति: २०७९/०२/०५ चलानी नं.: ६०१७९४३३ LT. No.: 263228

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farmer | 6 | 0 | स. काममा दक्ष | 1500 | ४२,२५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : BERJAYA STEEL PRODUCT SDN
शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७६/१०/२८ चलानी नं.: ६०१५१५४१ LT. No.: 232597 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 35 | 0 | स. काममा दक्ष | 1200 | ३३,८०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी : MAJU HOLDINGS SDN BHD
शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०७६/११/३० चलानी नं.: ६०१५३४२२ LT. No.: 234976 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 8 | 0 | स. काममा दक्ष | 1200 | ३३,८०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

४. कम्पनी : PENTAS JUANG SDN.BHD.
शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०७६/११/२२ चलानी नं.: ६०१५३००६ LT. No.: 234534 पूनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 49 | 0 | स. काममा दक्ष | 1200 | ३३,८०४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ जेष्ठ १५ गते (29 May 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**R.B. RECRUITMENT SERVICES PVT. LTD.**
Chabahil-7, (Opposite of KL Tower), Kathmandu, Phone : +977-01-4595967/ 014568206/ 01-4584094
Mobile : 9801095968 E-mail: documentsrbrs@gmail.com, Web.: www.rbrs.com.np
श्रम इजाजत नं. ९२९/०६७/०६८

**INTERSCAFF SAFETY**
**International Vocational Training School**

- IRATA Rope Access
- CISRS Scaffolding
- Spray Painting
- Sandblasting
- F/S Carpenter
- Steel Fixer
- Pipe Fitter
- Insulator
- Welders-TIG/MIG/ARC(upto 6G)
- Mason-Marble/Tile/Block
- Industrial Electrician
- Aluminium Fabricator
- A/C Technician
- Plumber



Skill Test / Video Graphy Services

NOTE
We provide wide range of skill development trainings
Follow us on Social Media @interscaffsafety

Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com

मध्यान्ह
www.madhyanhadaily.com
८ जेठ २०७९, आइतबार
22 May 2022, Sunday


# बक्स अफिस समाचार



झण्डै एक हजार बढी गीतमा संगीत दिइसकेका र दर्जन बढी बहुचर्चित गीतहरुमा संगीत भरेका संगीतकार **दिपक शर्मा**को सांगीतिक क्षेत्रमा आफ्नै उचाई बनिसकेको छ । अहिलेका व्यस्त संगीतकार मध्येका उनले वि.स. २०६१ सालबाट औपचारिकरुपमा सांगीतिक यात्रा शुरु गरेका हुन् । श्रुती संगीत विद्यालयबाट संगीत गुरु नरहरी प्रेमिसँग संगीत शिक्षा शुरु गरेका उनले त्यसपछि राम सिटौला, गुरुदेव कामदलगायतका गुरुहरुबाट पनि धेरै कुराहरु सिक्ने मौका पाए । अम्बर गुरुङका सुपुत्र किशोर गुरुङ, राजकुमार मालाकर गुरुबाट उनले वेष्टर्न म्युजिक सम्बन्धी धेरै ज्ञान हासिल गरेका उनी कहिले पनि संगीत सिकेर नसकिने अथाह भण्डार हो भन्छन् । दर्जनौं अवार्ड र सम्मानबाट सम्मानित संगीतकार दिपक शर्मासँग उनको सांगीतिक यात्राका बारेमा **मध्यान्ह दैनिक**का लागि **सुमन कुमार श्रेष्ठ**ले गरेको संक्षिप्त कुराकानीको सम्पादित अंश :

## ‘हार्मोनियम बोकेर निर्माता, निर्देशकको घर स्टुडियोमा पुगेर गीत सुनाउँथे’

**दिपक शर्मा**, संगीतकार



**शुरुशुरुका दिनमा के कसरी संघर्ष गर्नुभयो ? संगीतको शुरुवात कसरी भयो ?**

म यही क्षेत्रमै लाग्छु भनेर काठमाडौंमा प्रवेश गरेको हुँ । शुरुशुरुका दिनहरुमा संगीत सिकेरै केही गरुँ भनेर संगीत सिकें । त्यसपछि विस्तारै आफ्नो सिर्जनाहरु सुनाउँदै जाने क्रममा धेरै जनासँग ठोक्किएँ । केहीले मैले गरेका गीत संगीतहरु ठिकै भएको सुनाए, केहीले सचौंला भन्ने कुरासम्मका आश्वासन पनि दिए । त्यसपछि मैले लोक, लोकदोहोरी, लोक पप, आधुनिक, आधुनिक पप, मिक्स, पिल्मी लगायतका थुप्रै थरिका गीतहरुमा आफ्नो संगीत भर्दै गएँ । मैले पहिलो पटक ‘ढल्के पिपल’ भन्ने लोक दोहोरी एल्बम निकालेको थिएँ, साथी भाइइहरुसँग मिलेर बजारमा ल्याएको थिएँ । फाट्टफुट्ट गीत गर्दै जाने क्रममा तेजाब भन्ने पहिलो फिल्म २०६३ तिर गरें, त्यस्तै तहल्का डटकममा संगीतकारको रुपमा काम गरें । लगभग त्यही साल तिर श्रुती संगीत विद्यालयमै कर्मचारीको रुपमा कार्यरत पनि भएँ । बीचबीचमा आधुनिक गीतहरु लगायतमा पनि काम गरें । आफ्नो जीवन यापन सहज गर्न, आफ्नो समस्याहरु टार्न पनि अरु पार्टटाइमा काम पनि गरें । काम गर्दै जाने क्रममा २०६७-२०६८ तिर मैले ‘सम्झी राख है’ फिल्ममा काम गर्ने अर्को अवसर पाएँ । यसअघि गरेका सबै कामहरु सुपर डब्बा हुन् । तर यस फिल्ममा मेरो संगीतमा बनेको ‘आँधी खोला उर्लेर’ भन्ने गीतबाट भने चाहिँ दुई वटा अवार्ड जित्न सफल भएँ । र, त्यो नै मेरो जीवनको पहिलो अवार्ड पनि हो । मलाई आफ्नो बनाएर, जिन्दगीको सवाल, रुँदै हिँड्छौं लगायत आधुनिक गीतहरुबाट पनि राम्रै सफलता हासिल गरे । छुट्टिएर तिमीसँग भन्ने प्रमोद खरेलले गाएको आधुनिक गीतले राम्रो चर्चा हासिल गऱ्यो । त्यही समयमा माया बस्यो भन्ने गीतबाट गायक र मैले लोक पप अवार्ड पनि पाएका थियौं । दयाराम दाहालको दबाब भन्ने चलचित्रमा पनि काम गर्ने अवसर पाएँ । सोही क्रममा २०६७-२०६८ तिर छविराज ओझाको ब्यानरमा सुन्तली हावाल्दारमा संगीतकारको रुपमा काम गर्ने अवसर पाएँ । डोला डोला हातमा, चि मुसी चि, गीतको बोलबाट राम्रो ब्यानरमा काम गर्ने अवसर पाएपछि अरुले पनि सोध्थे, विश्वास गर्नेसम्म वातावरण बन्यो । डोला डोला हातमा भन्ने गीत एकदम राम्रो भयो र चर्चाको शिखर चुम्न सफल पनि भयो । यही क्रममा कयौं गीतहरु बजारमा ल्याइसकेपछि त्यसमध्येका केही गीतहरुले भने केही चर्चा कमाउन सफल भए ।

**एउटा संगीतकारलाई ब्यानरको महत्व कत्तिको हुन्छ ?**

राम्रो ब्यानरको अति महत्व हुन्छ । शुरु शुरुका दिनमा हार्मोनियम बोकेर डाइरेक्टर, प्रड्युसरको घरघर र स्टुडियोमा गएर गीत सुनाएको छु । त्यहाँ हाम्रो फिल्मसँग गीत नै म्याच भएन, ठिकै छ सम्झिउला नि, त्यसपछि उहाँहरुको ठीक छ नि पछि कुरा गरौंला नि भन्ने प्रतिउत्तर आउँथ्यो । कृष्ण काफ्ले र म भएर ‘छक्का पञ्जा’को लागि गीत बनाउने अवसर पाएँ । दिपकराज गिरी, दिपा श्री निरौला एकदिन मेरो अफिस आउनुभयो । मैले धेरै समय अघिदेखि उहाँहरुलाई मेरो अफिस आउनुहोस् भनेर आग्रह गरेको थिएँ । संयोगवश त्यो दिन उहाँहरु अचानक अउँदा निकै खुशी थिएँ । गीतहरु सुन्नुहोस् भन्दा मैले लगभग त्यो बेला १२, १३ वटा गीतहरु सुनाएँ, त्यसपछि अरु केही छ भनेर सुनाउँदा ‘देखन चम्पा’ भन्ने गीत सुनाएँ । जसलाई उहाँहरुले एकदमै मन पराउनु भयो । तर हामीले त्यो गीत कुनै फिल्मको कथासँग मिल्छ भन्ने सोचेकै थिएनौं । न त कुनै फिल्मको लागि भनेर सोचेका थियौं । तर संयोगवश त्यो फिल्मको कथावस्तुसँग मिल्यो । गीत सफल भयो र सँगै मलाई पनि व्यस्त बनायो । त्यसैले ब्यानरले ठुलो प्रभाव पर्छ ।

**तपाईंको पहिलो सुपरहिट गीत चाहिँ कुन हो नि ?**

छविराज ओझाकै ब्यानरमा बनेको मंगलम् चलचित्रको पर्ख पर्ख मायालु भन्ने गीत नै पहिलो फिल्मी सुपरहिट गीत हो । छक्का पञ्जाको देखन चम्पा पनि सुपरहिट गीत नै हो । तर पर्ख पर्ख मायालुले अझ धेरै राम्रा प्रतिक्रिया पायो । पिरिम नलाउने भन्ने गीत भने युट्युब ट्रेन्डिङमा आयो । दर्शक श्रोताले पनि अत्याधिक रुचाउनु भयो त्यो गीतलाई ।

**यही क्षेत्रमा लाग्छु भन्ने कसरी भयो ?**

म सानैदेखि साहित्य कलामा रुची राख्थें । सानोमा स्कुलमा ४, ५ कक्षा पढ्दा साहित्यिक कल्बमा थिएँ । त्यहाँ हाम्रो सानो तिनो कम्पिटिसन हुन्थ्यो, त्यसमा आफैंले कविता लेख्ने गीत लेख्ने प्रतियोगिता हुन्थ्यो । आफ्नै शब्दमा गीतहरु बनाउँथे र पहिलो पनि हुन्थें । यस्तो गर्दा गर्दै मैले संगीतमा लाग्नु पर्छ भन्दै आफ्नो एसएलसी परीक्षा सकेर काठमाडौं प्रवेश गरें र औपचारिक संगीत शिक्षा सिकें । अहिले त्यही बेलादेखिको यात्रा निरन्तर गरिरिरहेको छु ।

**तपाईंको प्रेरणाको श्रोत को हुनुहुन्छ ?**

मेरो प्रेरणाको श्रोत भनेको मैले गरेको संघर्ष हो । संघर्षका क्रममा जे भोगें, जसलाई भेटें, जसले मलाई आज यो ठाउँसम्म पुग्न सहयोग गर्नुभयो जो जति पनि हुनुहुन्छ मेरो घरपरिवार, साथीभाइ, आफन्त, मेरो गुरु, निर्देशक, यस क्षेत्रका सम्पूर्ण आदणीय र मलाई माया गर्ने व्यक्तित्व, दर्शक श्रोता, तपाईंहरु जस्तै सञ्चारकर्मी सबै मेरा लागि प्रेरणाका श्रोत हुनुहुन्छ ।

**तपाईंको पहिलो हिट भएको फिल्मी गीत कुन हो ?**

अहिलेसम्म मैले हजारभन्दा बढी गीतहरुमा संगीत दिइसकें । मैले शुरुशुरुमा संगीत दिएको फिल्ममध्येमा हिट गीत भन्दा पनि दर्शक श्रोताको मन मस्तिस्कमा बस्न सफल गीत भनेको चाहिँ फिल्मको गीत हो ।

**अहिलेको र आज भन्दा २० वर्ष अगाडिको समयको संगीतमा के फरक पाउनुभयो ?**

गीत संगीत सुन्ने श्रोता बढाएका छौं । काम धेरै हुन्थ्यो तर त्यो बेला जुन गीतमा एउटा बहाव हुन्थ्यो हाम्रो मानस पटलमा झ्यापै बस्ने गीत बन्थ्यो । तर अहिलेका गीत संगीतहरु त्यस्तो छैन । पहिला थोरै गीत बन्थे तर राम्रो गीत बन्थे, अहिले धेरै बन्छन् तर आउने जानेमात्र हुन्छ । स्वर सम्राट नारायण गोपालज्यूले जिन्दगीमा तीन सय वटा गीत गाउनुभएको छैन होला तर अहिले एक वर्षमै तीनसय वटा गीत गाउँछन् । तर पहिलाको कलाकारको मिहिनेत लगनशिलता भने अहिलेको पिँढिमा कमै छ ।

**संगीतमा आउने अबका पिँढिलाई के भन्न चाहनुहुन्छ ?**

गीत संगीतमा आउनु भन्दा अगाडि सोच्नुहोस् । तपाईंले यो क्षेत्रमा आउनको लागि आफैंमा के के छ त्यो हेर्नुहोस्, कमाउँछु भन्ने उद्देश्यले होइन, इमान्दारितापूर्वक आउनुहोस् अनि भविष्यमा कमाउने त छदैंछ नि । नआउनुस् नै पनि म भन्दिनँ, तर यो क्षेत्रमा आउनका लागि धेरै कुरा सोचेर मात्र आउनुहोस्, यो क्षेत्रले त्यस्तै व्यक्तिलाई अझै पनि कुरिरहेको छ ।

**अन्तिममा के भन्न चाहनुहुन्छ ?**

अन्त्यमा मलाई माया गर्ने सम्पूर्णलाई मेरो काम र मलाई यस्तै माया आशिर्वाद र साथ प्रदान गरिदिनुहोला, सम्पूर्णमा आभार व्यक्त गर्न चाहन्छु ।

# कान्समा सजिएकी ऐश्वर्या



**काठमाडौं/एजेन्सी-** विश्व प्रतिष्ठित कान्स फिल्म फेस्टिभलमा यसपटक पनि बलिउडको दबदबा देखिएको छ । दीपिका पादुकोण जुरीमा छिन् भने ऐश्वर्या राय, हिना खान, हेली शाह, नवाजुद्दिन सिद्दिकी, आर माधवनसहित अन्य भारतीय कलाकारले रेडकार्पेटमा छाए ।

कान्सको तेस्रो दिन नीला आँखावाली अभिनेत्री ऐश्वर्याले सौन्दर्यको जादु रेडकार्पेटमा छरिन् । फेसन डिजाइनर गौरव गुप्ताको पिंक गाउन पहिरनमा उनी आकर्षक देखिएकी थिइन् ।

ऐश्वर्याको यो कस्ट्युम डिजाइन गर्न ३५ सय घण्टा जति समय लागेको भग म्यागजिनले जनाएको छ । इटालीका कलाकार बोट्टीसेलीको चर्चित पेन्टिङबाट प्रभावित भएर बनाइएको यो पहिरन डिजाइन सकिने वित्तिकै कान्समा प्रस्तुत गरिएको हो ।

भेनस कलामा आधारित रहेर गुप्ताले ऐश्वर्याका लागि यो डिजाइन तयार पारेका हुन् । तस्बिरमा ऐश्वर्याको सौन्दर्य अझै चामिङ देखिन्छ । दिल्लीका यी डिजाइनरले तयार पारेको पहिरन हालैको म्युजिक भिडियोमा गायिका कार्डी बीले लगाएकी थिइन् । कान्सको तेस्रो दिन बलिउड अभिनेत्री पूजा होग्डेले पनि रेडकार्पेट नापेकी थिइन् । कान्समा यसपटक नेपाली अभिनेत्री सुरक्षा पन्त समेत हिंडेकी थिइन् । सुरक्षा अहिले कान्समै छिन् ।

# साक्षीको ‘सानी मेरो नाम’



**काठमाडौं/मस-** पछिल्लो समय एर्ड फिल्म र म्युजिक भिडियोहरुमा व्यस्त रहेकी मोडेल साक्षी लम्साल अभिनित पछिल्लो भिडियो ‘सानी मेरो नाम’ सार्वजनिक भएको छ । पुराना गायक हरिश माथेमा र गायिका अनुपमा प्रधानको स्वरले सजिएको यस गीतको भिडियोलाई अमृत सुनुवारले निर्देशन गरेका हुन् । गीतमा हरिश माथेमाको शब्द, संगीत रहेको छ भने एरेन्ज दिवेश मुल्मीको रहेको छ । कमल राईको नृत्य निर्देशन रहेको यस भिडियोमा अवेस बज्राचार्यको छांयाकन, माधव बेलवासेको सम्पादन तथा कलरिङ्ग रहेको छ । भिडियो ओएसआरको अफिसियल युट्युब च्यानल मार्फत सार्वजनिक भएको हो ।

# रोमान्टिक राजेश पायल र केकी



**काठमाडौं/मस-** गायिका अस्मिता अधिकारी र गायक राजेश पायल राईको स्वर रहेको गीत ‘तिम्रै नाम होस’ सार्वजनिक भएको छ । गोपाल लोहारको शब्द तथा वसन्त सापकोटाको संगीत रहेको गीतको संजिव बराइलीले संगीत संयोजन गरेका हुन् ।

गीतको भिडियोमा गायक राजेश पायल राई र अभिनेत्री केकी अधिकारीको अभिनय देख्न सकिन्छ । भिडियोमा दुबैको प्रेम र रोमान्स देखाउन खोजिएको छ । सुदिप बरालले छायांकन र अर्जुन जिसीको सम्पादन रहेको भिडियो कविराज गहतराजले निर्देशन

# अन्तिम खेलमा नेपाल विजयी



**काठमाडौं/मस–** युगान्डाविरुद्धको पाँचौ तथा अन्तिम टी-ट्वान्टी अन्तर र्ष्ट्रिय क्रिकेटमा नेपाल विजयी बनेको छ । शनिबार त्रिवि मैदानमा नेपालको राष्ट्रिय महिला क्रिकेट टिमले सिरिजको अन्तिम खेलमा पाहुना टोली युगान्डालाई ३३ रनले पराजित गर्‍यो। नेपाल भ्रमणमा आएको युगान्डाले सुरुआती तीन खेलमा जित निकाल्दै पाँच खेलको सिरिज भने जितिसकेको थियो ।

घरेलु मैदानमा खेलको पहिलो सिरिजमा ३-० ले पछि परेको नेपालले पछिल्ला दुई खेलमा जित निकाल्दै ३-२ को सम्मानजनक नतिजा निकाल्यो ।

कीर्तिपुर क्रिकेट मैदानमा पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै एक सय २३ रन बनायो । नेपालले पहिलो विकेटका लागि ४७ रनको साझेदारी गर्‍यो । जारी सिरिजमा नेपाली टिमले पहिलो विकेटका लागि गरेको उच्च साझेदारी हो । नेपालकी ओपनर सिता रानामगर व्यक्तिगत १७ रनमा बोल्ड भइन् ।

नेपालले पावरप्लेमा ३६ रन बनाएको थियो। नेपालको स्कोर ८२ रन हुँदा दोस्रो विकेट गुमायो। उपकप्तान इन्दु बर्मा आठ रनमा आउट भइन् । त्यसपछि ज्योती पाण्डे अर्धशतक बनाउन एक रनबाट चुक्न पुगिन्। उनी ४९ रनमा आउट हुँदा नेपालले ९६ रनमा तेस्रो विकेट गुमायो। त्यसपछि कप्तान रुबिना क्षेत्रीले खाता खोल्न नसक्दै आउट हुँदा नेपालले ९८ रनमा चौथो विकेट गुमायो ।

नेपालको स्कोर एक सय तीन रन हुँदा पाँचौं विकेट झर्‍यो। डोलि भट्ट खाता खोल्न नपाउँदै रनआउट भइन्। नेपालका लागि कविता जोशीले १८ रन बनाइन् । उनले १५ बलमा दुई चौका र एक छक्का प्रहार गरिन् । यस्तै अप्सरी बेगमले ११ रन जोडिन् ।

जवाफमा युगान्डा टिम २० ओभरमा ६ विकेट गुमाउँदा ९० रनमा रोकियो। खासै राम्रो सुरुवात गर्न नसकेको युगान्डाले १४ रन हुँदा पहिलो विकेट गुमाएको थियो । त्यसपछि २९ रन हुँदा उनले दोस्रो विकेट खेर फाल्यो । ओपनर फियोना कुलुमी आठ रनमा आउट भइन भने जनेट म्वाबाजी १० रनमा पेभेलियन फर्किइन् । त्यसपछि उसको स्कोर ४७ रन हुँदा तेस्रो विकेट झर्‍यो। केभिन विनो १५ रनमा पेभेलियन फर्किइन् । नेपाल बलरसामु खुलेर खेल्न नसकेको युगान्डाको महिला टिमले ५८ रनमा चौथो विकेट गुमायो। उसकी लियोना मात्र दुई रनमा सिता रानामगरको बलमा एलबीडब्लु धरापममा परिन् ।

युगान्डाको स्कोर ७६ रन हुँदा ६ विकेट झरेको थियो। सुसन काकाई सात रनम अउट इन भने रिटा मुसामाली २६ रनमा पेभेलियन फर्किए । बलिङमा इन्दु बर्मा, सिता रानामगरले दुई दुई विकेट लिइन भने हिरामायी रोयले एक विकेट लिइन् । अघिल्लो खेलमा डेब्यु गरेकी हिरामायीले दुई खेलमा तीन विकेट लिन सफल भइन् ।

# आर्मीका हिमाल र मानबहादुर च्याम्पियन




**काठमाडौं/मस–** त्रिभुवन आर्मी क्लबका हिमाल टमाटा र मानबहादुर थापाले प्रधानसेनापति हाई अल्टिच्युड ट्राई-एड्भेन्चर प्रतियोगितामा पहिलो भएका छन् । शनिबार जोमसोममा सम्पन्न प्रतियोगितामा १ घन्टा १५ मिनेट २ सेकेन्डको कोर्स रेकर्ड बनाउँदै हिमाल र मानबहादुरले उपाधि जिते। सागमा ट्रायथलनमा स्वर्णपदक जितेका हिमालले हाई अल्टिच्युड ट्राई-एड्भेन्चरको खुला स्पर्धामा लगातार दोस्रोपल्ट उपाधि जितेका हुन्। उनले वसन्त थारुसँग सहकार्य गर्दै तीन वर्षअघि भएको दोस्रो संस्करणमा १ घन्टा १९ मिनेट ४२ सेकेन्डसाथ २०.२ किमि दूरी पार गर्दै सफलता हात पारेका थिए। उनले त्यही कोर्स रेकर्डलाई यो पटक मान बहादुरसँग सहकार्य गरेर तोडेका हुन् ।

समुद्री सतहदेखि २,७८० मिटरदेखि ३,२०० मिटरसम्मको उचाइमा भएको रक क्लाइम्बिङको एक सय मिटर, ट्रेल रनिङको चार दशमलव ७५ किलोमिटर र साइक्लिङको १५ दशमलव ३५ किलोमिटरको प्रतियोगितामा नेपाली सेनाकै टिमले शीर्ष तीन स्थान कब्जा गर्‍यो ।

वसन्त थारु र नवराज न्यौपाने दोस्रो स्थानमा आए । वसन्त र नवराजले १ घन्टा १७ मिनेट १६ सेकेन्डमा दूरी पार गरे । कमल ओली र प्रेमसिंह मन्याल १ घन्टा २१ मिनेट ३० सेकेन्डसहित तेस्रो भए ।

महिलातर्फ हिमालयन गर्ल्सका हुमी बुढामगर र इन्द्रकला नेम्बाङले कोर्स रेकर्ड बनाउँदै पहिलो भए । उनीहरुले १ घन्टा ४३ मिनेट २३ सेकेन्डमा दुरी पुरा गरे । आर्मीका उषा खनाल र मन्जु कुमारी खड्का १ घन्टा ५० मिनेट ३६ सेकेन्डको समय निकाल्दै दोस्रोमा भए ।

अन्तर्राष्ट्रिय विधामा भारतीय आर्मी पिट्ठु शिव कृष्ण रेड्डी र सप्पर विनायक पोपट कुटे पहिलो भए । उनीहरुले १ घन्टा ३५ मिनेट ६ सेकेन्डमा दुरी पुरा गरे । यो विधामा ब्रिटिश आर्मीका दुई र बंगलादेशी सेनाको एक टिम पनि सहभागी थियो ।


## साउदी र कतारमा रोजगार

१. कम्पनी: Liver and Karak Restaurant for Popular Food
शहर: Jeddah

पुर्व स्वीकृत मितिः २०७९/०२/०३ चलानी नं.: ६०१७९३६९ LT. No.: 262946

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 1 | 0 | स. काममा दक्ष | 1000 | ३३,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

२. कम्पनी: Cold On Your Liver Corporation For The Sale Of Ice Cream
शहर: Dammam

पुर्व स्वीकृत मितिः २०७९/०२/०४ चलानी नं.: ६०१७९३७० LT. No.: 263092

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ice Cream Maker By Machine | 2 | 0 | स. काममा दक्ष | 1500 | ४९,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनी: Colorhouse Trading & Conracting W.L.L
शहर: Doha

पुर्व स्वीकृत मितिः २०७९/०२/०६ चलानी नं.: ६०१७९४८६ LT. No.: 263314

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 3 | 0 | स. काममा दक्ष | 1200 | ४०,६६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ जेष्ठ १५ गते (29 May 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु.१०,०००/- अन्यको नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १२२०/०७४/७५

United World Manpower Pvt. Ltd.
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com


# सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिप सोमबारबाट




**काठमाडौं/मस–** सूर्य नेपाल गल्फ टुर २०२१/२२ को अन्तिम प्रतियोगिता सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिप यही जेठ ९ गतेदेखि हुने भएको छ । गोकर्ण गल्फ क्लबमा हुने प्रतियोगिता जेठ १२ गतेसम्म चल्नेछ। प्रतियोगिता ७२ होलमा खेलाइने नेपाल प्रोफेसनल गल्फर एसोसिएसनका महासचिव दीपक आचार्यले बताए ।

प्रतियोगितामा ४० व्यावसायिक खेलाडीले प्रतिस्पर्धा गर्नेछन् । त्यससँगै १२ एमेच्योर खेलाडीले पनि प्रतिस्पर्धा गर्नेछन्। दुई चरण गरेर ३६ होलको खेलपछि कट गरिनेछ । कटपछि शीर्ष २१ र बराबरी अंक ल्याउने खेलाडीले बाँकी ३६ होलमा फाइनल चरणको प्रतिस्पर्धा गर्नेछन्। शीर्ष २१ सँगै ६ एमेच्योर खेलाडीले पनि फाइनल चरणमा प्रतिस्पर्धा गर्नेछन् ।

प्रतियोगिताका विजेताले दुई लाख ५० हजार रुपैयाँ नगद पुरस्कार जित्नेछन् । दोस्रो हुनेले एक लाख ५५ हजार र तेस्रो हुनेले एक लाख १० हजार रुपैयाँ पुरस्कार जित्नेछन्। चौथो हुनेले ९५ हजार र पाँचौं हुनेले ८७ हजार रुपैयाँ पुरस्कार जित्नेछन्। त्यसका साथै शीर्ष २१ मा पर्ने अरू गल्फरले पनि नगद पुरस्कार जित्नेछन् । सूर्य नेपाल प्रिमियर गल्फ च्याम्पियनसिपकै प्रो-एम प्रतियोगिता भने जेठ ८ गते हुनेछ । यो प्रतियोगितामा २० व्यावसायिक गल्फर र ७५ एमेच्योर गल्फरले प्रतिस्पर्धा गर्नेछन् ।

# चन्दन र राजेन्द्र पहिलो

**काठमाडौं/मस–** काठमाडौंका चन्दन शाही र ललितपुर जिल्ला टेबलटेनिस संघका राजेन्द्र वज्राचार्यले प्रथम मिलन स्मृति जुनियर राष्ट्रिय टेबलटेनिस प्रतियोगितामा शनिबार स्वर्ण जितेका छन्। भेट्रान पुरुष सिंगल्सको ४० वर्षमाथि चन्दन र ५० वर्षमाथि राजेन्द्र पहिलो भएका हुन् । स्पिन इभेन्ट्स प्रा.लि. द्वारा आयोजित प्रतियोगिताको ४० वर्षमाथि फाइनलमा चन्दनले एमआईएसका नरेश रावललाई ७-११, ११-८, ११-३, ११-७ र ११-६ को सेटमा पराजित गरे । ललितपुरका राजिप महर्जन र कीर्तिपुरका प्रशान्त महर्जनले तेश्रो स्थानमा चित्त बुझाए ।

लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको ५० वर्षमाथि फाइनलमा राजेन्द्रले एनसीसीएसका कपुर शर्मा पौडेललाई १२-१४, ७-११, ११-७, ११-८, ११-८ र १४-१२ को सेटमा हराए । एपीएमका विश्वास गौचन र एएनएस १९८० का किरणमुनि वज्राचार्य तेश्रो बने ।

प्रतियोगितामा भेट्रान र विभिन्न उमेरसमूह गरी ८ स्पर्धा रहेको आयोजक स्पिनका सचिव ज्याकी महर्जनले जनाएका छन्। आठै स्पर्धामा नगद पुरस्कार राखिएको छ । सोमबारसम्म चल्ने प्रतियोगितामा करिब २ सय ५० खेलाडीको सहभागिता रहेको आयोजकले जनाएको छ । प्रतियोगिताको मुख्य प्रायोजकमा अमेरिका बस्ने श्रवण चिपालु रहेका छन् । स्व. मिलन श्रेष्ठ टेबलटेनिसका पूर्व खेलाडी हुन् ।

## एनआरएस फुटसल उपाधि ग्रिष्मालाई

काठमाडौं/मस- ग्रिष्मा मल्टिपर्पोज कोअपरेटिभ लिमिटेड दोश्रो एनआरएस फुटसल उपाधि हात पार्न सफल भएको छ । एनआरएस स्पोर्टस् फाउण्डेसनको आयोजनामा भएको प्रतियोगिताको बिजयी टिमले नगद १ लाख सहित ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गरे ।

लमटङ्गिनस्थित ढुकु फुटसलमा भएको प्रतियोगिताको फाइनलमा ग्रिष्माले ज्याकीप्वाईन्ट हेल्थ प्रा.लि.लाई ४-० गोल अन्तरले पराजित गर्दै उपाधि जितेको हो । उपबिजेता ज्याकीप्वाईन्टले नगद ५० हजार सहित ट्रफी, मेडल र प्रमाण पत्र प्राप्त गरे ।

यसअघि ग्रिष्माले फाइनल प्रवेश गर्ने क्रममा खेलकुद पत्रकार हरुको संगठन नेपाल खेलकुद पत्रकार मञ्चलाई पराजित गरेको थियो । विजयी तथा उपविजयी टीमलाई प्रमुख अतिथि राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङले पुरस्कार वितरण गरेका थिए ।

# एम्पुटी फुटबलमा पिस युनाइटेड च्याम्पियन



**काठमाडौं/मस–** पिस युनाइटेडले पारा राष्ट्रिय खेलकुदअन्तर्गत एम्पुटी राष्ट्रिय पुरुष फुटबल प्रतियोगिताको उपाधि शनिबार जितेको छ ।

त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा भएको फाइनलमा पिसले एक्स आर्मीलाई २-१ गोलले पराजित गर्‍यो । पिसका सुजन कार्की र सुदीप चापागाईंले गोल गरे। आर्मीका राजु श्रेष्ठले सान्त्वना गोल फर्काए । एम्पुटी खेलकुद समाजको तत्वावधानमा राष्ट्रिय खेलकुद परिषद्द्वारा आयोजित प्रतियोगितामा पिसका सुदीप उत्कृष्ट खेलाडी चुनिए । उनले प्रतियोगिता अवधिभर ५ गोल गरे। ब्लायक हक तेश्रो भयो ।

पारा राष्ट्रिय खेलकुदअन्तर्गत बहिरा बुद्धिचाल प्रतियोगिताको पुरुषमा उत्तम महर्जन र महिलामा आश्था राई शनिबार विजेता बने। पाँच चरणमा भएको खेलमा उत्तम र आश्थाले ५-५ अंक जोडे ।

राष्ट्रिय बहिरा खेलकुद कमिटीको तत्वावधानमा त्रिपुरेश्वर स्थित आयोजक राखेपको सेमी कभर्डहलमा भएको प्रतियोगिताको पुरुषमा झमकप्रसाद गौतम दोश्रो तथा श्याम तामाङ तेश्रो भए । महिलामा नेहा श्रेष्ठ दोश्रो तथा सुनिता नेपाल तेश्रो स्थानमा रहे । पुरुषमा १३ र महिलामा १२ खेलाडी सहभागी थिए ।

पारा राष्ट्रिय खेलकुदअन्तर्गत राष्ट्रिय पुरुष नेत्रहीन क्रिकेटको उपाधि बागमती प्रदेशले शनिबार जितेको छ। दुई खेलको टी- २० शृंखला बागमतीले २-० ले जितेको हो। दोश्रो खेलमा बागमतीले मधेश प्रदेशलाई २ विकेटले पराजित गर्‍यो । पहिले ब्याटिङ गरेको मधेशले निर्धारित २० ओभरमा ९ विकेट गुमाउदै १५२ रन बनाएको थियो । सागर चेपाङले ३१ रन जोडे। प्रत्युत्तरमा बागमतीले १९.४ ओभरमा ८ विकेट क्षतिमा लक्ष्य भेटायो । शान्त पहरीले ३८ रन बनाए । राष्ट्रिय नेत्रहीन क्रिकेट संघको तत्वावधानमा मुलपानी अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको खेलमा शान्त 'म्यान अफ द सिरिज' घोषित भए । सिरिजमा शान्तले ६९ रन बनाउनुका साथै ४ विकेट पनि लिए । पहिलो खेलमा बागमतीले मधेशलाई ७ विकेटले हराएको थियो । पारा राष्ट्रिय खेलकुदअन्तर्गत व्हीलचेयर बास्केटबलको पुरुषमा गण्डकी प्रदेश र महिलामा बाग्मती प्रदेशले शनिबार उपाधि हात पारेका छन्। नेपाल स्पाइनल कोर्ड इन्जुरी खेलकुद संघको तत्वावधानमा राखेपद्वारा आयोजित प्रतियोगिताअन्तर्गत ५ टिम सहभागी पुरुषको राउन्ड रोविन लिगमा गण्डकीले सर्वाधिक ६५ अंक जोड्यो । ४६ अंकसाथ कर्णाली प्रदेश दोश्रो तथा ४४ अंकमा सुदूरपश्चिम प्रदेश तेश्रो भए । अत्तरखेलस्थित बौद्ध इन्टरनेसनल स्कुलमा भएको प्रतियोगिताको महिलामा लुम्बिनी दोश्रो भयो । विभिन्न १२ खेल समावेश पारा राष्ट्रिय खेलकुदमा ५ खेलको प्रतियोगिता सम्पन्न भइसकेको छ। यसअघि दृष्टिविहीन गोलबल सम्पन्न भएको थियो ।


## रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

दमक, झापा
प्रदेश नं.१, नेपाल

**नगरपालिकाद्वारा नगरबासीहरुलाई स्वास्थ्यसम्बन्धी जानकारी मूलक सन्देश**


**स्वास्थ्य सम्बन्धी नगरपालिका बासीमा सचेतना**

**१) गर्मीयाममा अपनानुपर्ने कुराहरु**
क) सढेंगलेका बासी खानेकुराहरु नखाऔं ।
ख) पानीलाई फिल्टर गरेर वा उमालेर मात्र खाऔं ।
ग) लामखुट्टेको टोकाइबाट बच्न झुलको प्रयोग गरौं ।
घ) पूरा बाउला भएको कपडा लगाऔं ।
ङ) घरवरिपरि सफा गरौं, पानी जम्ने खाल्डाखुल्डी पुरौं ।
च) घरभित्र लामखुट्टे छिर्न नदिन घरको झ्या ढोकामा जाली लगाऔं ।
ङ) समय समयमा स्वास्थ्य परीक्षण गरौं ।

**२) गर्भवती महिलाले ध्यान दिनुपर्ने कुराहरु ।**
क) नियमित स्वास्थ्य जाँच गरौं ।
ख) पोषणयुक्त खानेकुरा खाऊँ/खुवाऔं ।
ग) चिकित्सकको सल्लाहअनुसार भिटामिन/आइरन चक्की खुवाऔं ।
घ) गर्ववती महिलालाई ४/६/८ र ९ महिनामा ४ पटक अनिवार्य जाँच गराऔं ।
ङ) प्रसुती हुन अनिवार्य अस्पताल, Birthing Centre वा प्रसुती गृहमा जाऔं ।

**३) नवजात शिशुलाई स्याहार कसरी गर्ने**
क) नवजात शिशुलाई सकेसम्म छिटो, जन्मेको १ घण्टाभित्र आमाको विगौती दुध खुलाऔं ।
ख) नवजातशिशुलाई आमाको नाङ्गो छातीमा टाँसेर न्यानो पारी राख्न लगाऔं ।
ग) जन्मन साथ नरम, सफा र सुख्खा कपडाले बेरी न्यानो पारेर राख्नुपर्दछ ।
घ) शिशुको नाभी काटिसकेपछि संक्रमणबाट बचाउन नाभी मलम लगाई नाभीलाई सफा र सुख्खा राखौं ।

**४) झाडापखलाबाट बच्न निम्न उपायहरु अपनाऔं ।**
क) चर्पीमा मात्र दिसापिसाव गर्ने, बच्चाको दिसादिसाप पनि चर्पीमा नै विर्सजन गरौं ।
ख) चर्पीमा गएपछि, बच्चाको चर्पी धोएपछि वा फोहोर छोएपछि राम्रोसँग साबुन पानीले हात धाऔं ।
ग) बासी, काँचो, सढेगलेको खानेकुरा नखाऔं ।
घ) खानेपानीको मुहान सफा र सुरक्षित राखौं ।
ङ) आफ्नो घर, आँगन सफा राखौं ।




## MANPOWER MIS SOFTWARE "विगत १० वर्ष देखि, ५0+ Clients"

⇒ Manpower MIS Lite (मध्यम तथा साना संस्थालाई एकदमै सस्तोमा)
⇒ सामान्य स्क्यानरबाट पासपोर्ट Auto entry साथै थम्ब, हस्ताक्षर र क्यामेरालाई पनि support गर्दछ
⇒ Application Form, Bio Data आफै बनाइदिने, १०० औं को एकैचोटि निकाल्न मिल्ने
⇒ 1 Click मा १०० औं कामदारको Documents, Pdf मा Merge गरेर निकाल्न मिल्ने
⇒ Excel/Photoshop/Scanning को सबै Features Software बाटै गर्न मिल्ने
⇒ सबै Countries को Full Processing र Malaysia, Saudi को Visa Form आफै आउने
⇒ १/२ जना Staff ले, Software पूरै Manage गर्न मिल्ने र Trained Staff चाहिएमा दिइने
⇒ विगत १० वर्ष देखि ५0+ वटा Manpower मा चलिरहेको ने.वै.रो. संघ द्वारा प्रमाणित

MRP/E-Passport Support गर्दछ, auto SMS जाने RBA/ISO वेबसाइट डिजाइन गरिन्छ

**Trained Staff चाहिएमा:**
नोटः यदि कोहि म्यानपावरमा staff बन्न चाहानु हुन्छ भने, नि:शुल्क काम सिकाई, जागिरका लागि तयारी गरिदिन्छौं

SOFTGRIHA SOLUTIONS PVT. LTD. | 9851168422 9818516088
www.softgriha.com | Info@softgriha.com

CLIENTS: SOS, IMR, Oxford, Advanced, Aakarshan, Titanic, Wide, Trust, Blue Sky, Vision & Value, AI Secure, Middle East, Kalinchowk, Motherland

# 'सरकारले प्राथमिकताका आधारमा योजना छनोट गर्नुपर्दछ'



**रवि सिंह**
अध्यक्ष, नेपाल निर्माण व्यवसायी महासंघ

केही समयदेखि निर्माण व्यवसायीहरु मूल्यवृद्धिको कारणले आयोजनाहरुको लागत बढेको भन्दै सरकारसँग मूल्य समायोजनको माग राखेर आन्दोलन गरिरहेका छन् । निर्माण व्यवसायीहरुले मूल्य समायोजनको नाममा आफुहरुका कारण ढिलाई भएका आयोजनाहरुमा समेत मूल्य समायोजन गर्न खोजेको सरकारपक्षको आरोप छ । प्रस्तुत छ, निर्माण क्षेत्रका समसामयिक तथा विविध विषयहरुमा केन्द्रित रहेर **मध्यान्ह राष्ट्रिय दैनिक**का लागि **नारायण अर्याल**ले नेपाल निर्माण व्यवसायी महासंघका अध्यक्ष **रवि सिंह**सँग गरेको कुराकानीको सम्पादित अंश :

**निर्माण व्यवसायीहरुले शुरु गरेको मूल्यवृद्धि समायोजनको आन्दोलन अहिले कहाँ पुगेको छ ?**

अहिले हामी सरकारसँग छलफलकै क्रममा छौं । करिब टुंगोमा पुग्न आँटेका छौं । मंगलबारलाई बैठक बोलाउनुभएको छ । छलफल सकरात्मक हिसाबले भइरहेको छ । जसले छलफल गरिरहनुभएको छ, उहाँहरु सकारात्मक हुनुहुन्छ । त्यसपछि माथिल्लो निकायमा निर्णायक रुपमा छलफल गर्ने कुरामा के हुन्छ ? सायद अब एउटा/दुइवटा छलफलपछि टुंगिन्छ ।

तपाईंहरुलाई एउटा आरोप लागेको छ नि, मूल्य समायोजनको नाममा आफ्नो कारणले पनि ढिलाई भएका आयोजनाहरुमा पनि मूल्य समायोजनको विषय उठाउनुभएको छ ।

ठेकेदारको कमजोरीमा म्याद थप हुँदैन् । काम दिने निकायको तर्फबाट कमिकमजोरी भयो भने मात्रै म्याद थप हुन्छ । अधिकांश आयोजनाहरु समयमा सम्पन्न नहुनुको कारणहरु मध्ये प्रमुख कारण चाहिँ बजेट अभाव हो । अधिकांश कामहरुको प्रकृति सोही प्रकारको छ । एक/दुईवटा प्रोजेक्टहरु त्यस्ता छन् भने मैले भन्न सक्दिन् । यदि ठेकेदारको कारणले म्याद थप गर्ने अवस्था आयो भने त्यस कुरामा एलडी लगाएर मात्रै काम फाइनल हुन्छ । यदि ठेकेदारको कारणले समयमा नभएका कामहरु छन् भने हाम्रो सुझाव चाहिँ काम नगर्ने ठेकेदारलाई विविधमा राखेर टर्मिनेट गर्न ठिक हुन्छ ।

अहिले प्रमुख समस्या भनेको ०७६ सालमा आएको सार्वजनिक खरिद नियमावलीको छैठौं संसोधन नै हो । सोही संसोधनको कारणले गर्दा नै अहिलेसम्म आयोजना अगाडि बढ्न नसेको हो । सो संसोधनले कुनै पनि आयोजनाको पचास प्रतिशत भन्दा बढी भनेर जुन प्रावधान कायम गरेको छ, सोही कारणले अधिकांश कामहरुले गति लिन नसकेको हो । सरकारले ०७६ साल फागुन १४ गते २७७२ वटा आयोजनाहरुको म्याद थप्ने काम गरेको थियो । सोही सालको चैत महिनाबाट नै कोभिड महामारी आयो । त्यसपछि समय बढ्दै धेरै आयोजनाहरुमा समस्या सिर्जना भयो ।

**म्याद नथपिएका आयोजनाहरुको औसत संख्या कोरोना महामारीपछाडिका छन् कि अगाडिका पनि छन् ?**

कोरोना महामारीकै कारण काम हुन नसकेकाले म्याद थप्नु पर्ने अवस्था छ । कोरोना महामारीको बीचमा म्याद थप सम्बन्धी भएका निर्णयहर काम गर्नलाई सहज बनाउने भन्दा पनि असहज हुनेगरी भयो । परिपक्क निर्णयहरु नभएका कारणले गर्दाखेरी म्याद थप हुन सकेन् । सम्बन्धित कार्यालयहरुसँग सहमति नगरीकन म्याद थप गर्ने काम भयो । तर, म्याद थप गर्दा जुन भाषा प्रयोग हुनुपर्दथ्यो, त्यो भाषा



नमिलेको कारणले गर्दा म्याद थप अहिलेसम्म भएको छैन् । त्यसैले समस्या सिर्जना गरेको हो । अहिलेको परिवेशमा जनवायू परिवर्तनले पनि हामीले भविश्यवाणी नगरेको घट्नाक्रम आएको छ । अहिले गएको असोज-कार्तिकमा धेरै ठुलो पानी पर्यो । जसले गर्दा हामीले लगभग १ महिनाजतिको समय काम गर्न पाएनौ । त्यस्तै गरेर पछिल्लो चैतदेखि अहिलेसम्म पानी परिरहेको छ । मौसमको पुर्वानुमान गरेर कुन बेला काम गर्ने भनेर भन्न नसकिने अवस्था छ । यस्ता कारणहरुले गर्दा पनि काममा ढिलाई भएको छ । तर मुख्य कुरा बजेटकै अभावको कारण काममा ढिलाई भएको हो ।

कतिपय सम्पन्न भइसकेका कामहरुको पनि भुक्तानी पाएनौ भन्ने गुनासो छ नि तपाईंहरुको ।

धेरै काम पैसा नभएको कारणले गर्दा सम्पन्न भएको छैन् । जब, म्याद हुन्छ, त्यो बेला बजेट हुँदैन् । पछिल्लो चैत महिनासम्म म्याद थियो, बजेट भएन, अब जेठ १५ गते बजेट आउँछ । अनि बजेट व्यवस्थापन होला । तर, म्याद नभएको कारणले भुक्तानी गर्न सक्दैन् । समन्वयको अभावले गर्दाखेरी यो समस्या भएको हो ।

**भर्खरै स्थानीय तहको निर्वाचन सम्पन्न भएर मतपरिणाम आउने क्रम जारी छ । अब मुलुकभरीका स्थानीय तहहरुमा नयाँ नेतृत्व पनि आउँदैछन् । निर्माणको क्षेत्रमा कस्तो अपेक्षा गर्नुभएको छ ?**

स्थानीय तहहरुले हिजोको दिनमा भन्दा थप सुदृढ भएर अपेक्षा छ । किनभने स्थानीय तहमा हिजोको अवस्थामा नयाँ आउँदा कार्यक्षमताको पनि अभाव भयो, ब्याकअप भएन । अहिलेको अवस्थामा स्थानीय तहहरुले संस्थागत र क्षमताको विकास गरेका छन् । अनुभव पनि हासिल गरेका छन् । अब स्थानीय सरकारहरुले योजनावद्ध ढंगले विकास निर्माणको कामलाई अगाडि बढाउँछन् भन्ने अपेक्षा छ । हिजो मुलुक संघियतामा जाने क्रममा धेरै आयोजनाहरु लथालिंग भएका थिए । स्थानीय तहमा झण्डै ११ अर्ब जतिको आयोजना अलपत्र अवस्थामा रहेको छ । ती आयोजनाहरुसँग अहिले बजेट पनि छैन्, म्याद थप पनि छैन् ।

**अब जेठ १५ गते सरकारले आगामी आर्थिक वर्षको लागि बजेट ल्याउने तयारी गरेको छ । आउँदै गरेको नयाँ बजेटमा तपाईंको सुझाव र अपेक्षा कस्तो रहेको छ ?**

मुख्य कुरा सरकारले बिना पूर्व तयारीको आयोजनामा ठेक्का आह्वान नहोस् । पूर्व तयारी गरेर बजेटको व्यवस्थापन भैसकेका आयोजनाहरुमा मात्रै ठेक्का आह्वान भएर जति अवधिको काम हुन्छ, त्यही अनुसारको बजेटको व्यवस्थापन होस् । आयोजनाहहरुको छनोट गर्दाखेरी प्राथमिकता प्राप्त आयोजनाहरुको मात्र छनोट गरिनुपर्दछ । आग्रह र पूर्वाग्रहको आधारमा बनाएका आयोजनाहरुले गर्दा उपलब्धि पनि नहुने र योजना पनि समयमा सम्पन्न नहुने अवस्था सिर्जना हुन्छ ।

किनभने बिनाअध्ययन निर्माण गरेको योजना निश्चित रुपमा त्यसको उपलब्धि हुँदैन । त्यसैले योजना छनोटमा पनि सरकारले ध्यान दिनुपर्यो । ठेक्कामा लाग्दा पनि त्यसको बजेटको व्यवस्थापन र त्यसका समयावधिको पनि अध्ययन हुनुपर्‍यो । जस्तै : ताप्लेजुङमा बनाउने भवन र झापामा बनाउने भवनको बीचमा कति समय दिनुपर्छ ? त्यो कुरामा ध्यान दिन जरुरी छ । हाम्रोमा सबै स्वास्थ्य चौकीको एउटै डिजाइन बन्छ, एउटै समय हुन्छ र लगभग एउटै बजेट हुन्छ । यो व्यवहारिक छैन् । अब अध्ययन गरेर मात्रै आयोजनाहरुको निर्माण गर्नुपर्‍यो र त्यसलाई सोहीअनुसार फलो पनि गर्नुपर्‍यो ।

कोभिड महामारीपछि हामी निर्माण व्यवसायी पनि समस्याबाट बाहिर निस्कने कोशिष गरिरहेका छौं । यो अवस्थामा सरकारले अलिक विकास बजेटलाई ध्यान दिएर ल्याउनुपर्दछ । अहिले मुलुकसँग भएको आर्थिक समस्यालाई सम्बोधन गर्ने प्रकारको कार्यक्रम ल्याउनुपर्‍यो । हामी निर्माण व्यवसायीहरुको धरौटीबापत ३०/३५ अर्ब रुपैयाँ रहेको छ । बैंक ग्यारेन्टी राखेर त्यो धरौटी रकम फिर्ता गर्दा सरकारलाई कुनै नोक्सानी हुँदैन । त्यो रकम हामीसँग आयो भने अर्थतन्त्र पनि चलायमान हुन्छ । निर्माण क्षेत्रले पनि गति लिन्छ ।

अहिले निर्माण व्यवसायीहरुलाई लागेको आरोप के हो भने उनीहरुले आयोजनामा पेश्की लिन्छन र त्यसलाई अन्य क्षेत्रमा लगाउँछन । मोविलाइजेसनको दुरुपयोग भन्ने गरिएको छ । त्यसको सदुपयोग बढाउनेतर्फ त स्वयं सरकार लाग्नुपर्‍यो नि । यो आरोप लगाएर पैसा नदिने प्रवृत्तिले निर्माणको क्षेत्रमा समस्या ल्याएको छ । साथै निर्माणको क्षेत्रमा लागत पनि बढेको छ । यसलाई सरकारले सम्बोधन गर्न जरुरी छ । साथै लामो समयदेखि लामोसमयदेखि जोइन्ट भेन्चरको खाताहरुमा केही भ्याट तिर्न बाँकी छ, त्यसलाई एकपटको लागि हर्जना र ब्याज मिनाहा गर्ने हो भने केही राजस्व पनि उठ्ने र खाताहरु पनि क्लियर हुन्थ्यो ।

अहिले निर्माण व्यवसायीहरुलाई लागेको आरोप के हो भने उनीहरुले आयोजनामा पेश्की लिन्छन र त्यसलाई अन्य क्षेत्रमा लगाउँछन । मोविलाइजेसनको दुरुपयोग भन्ने गरिएको छ । त्यसको सदुपयोग बढाउनेतर्फ त स्वयं सरकार लाग्नुपर्‍यो नि । यो आरोप लगाएर पैसा नदिने प्रवृत्तिले निर्माणको क्षेत्रमा समस्या ल्याएको छ ।

# विश्वव्यापी रुपमा नै चुनौतीपूर्ण बन्दै मुद्रास्फीति

**काठमाडौं/मस** – यतिबेला विश्वभरका धेरै देशहरु अनियन्त्रित मुद्रास्फीतिको चपेटामा पर्दै गएका छन् । अहिले विश्वमा ठुला भनिएका अमेरिका, बेलायत, भारत, जापान लगायतका मुलुकहरुमा मुद्रास्फीति दर निकै उकालो लाग्दै गएको छ । नेपालको मूल्यवृद्धिदर पनि निरन्तर उकालो लागेको छ । नेपाल राष्ट्र बैंकका अनुसार गत चैत महिनामा वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति ७.२८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ३.१० प्रतिशत रहेको थियो । चैत महिनामा खाद्य तथा पेय पदार्थ समूह, गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति बढेको छ । मुलुकमा भएको मुद्रास्फीति विगत पाँच वर्षकै उच्च हो । अहिले दैनिक उपभोगका अत्यावश्यक वस्तु (तरकारी, खाने तेल, दाल, चामल)को मूल्य आकासिएको छ । आधारभूत आवश्यकता अन्तर्गतको अर्को क्षेत्र स्वास्थ्य सेवा र गैरखाद्य सामग्रीको मूल्य पनि चुलिएको छ । बेलैमा नियन्त्रण गर्ने उपाय नल्याउने हो भने यसै आर्थिक वर्षको अन्त्यसम्ममा मुद्रास्फीति झण्डै दोहोरो अंकमा पुग्ने अनुमान गर्न सकिन्छ ।

भारतमा उपभोक्ता मुद्रास्फीति बढेर ७.७९ प्रतिशत पुगेको छ ।



युक्रेन र रुसबीचको युद्धका कारण भारतको अर्थतन्त्र पनि नराम्ररी प्रभावित बनेको छ । जसले निकै महँगी बढेको छ भने खाद्य सुरक्षामा सचेत रहन त्यहाँका विज्ञहरुले जोड गरेका छन् । केही महिनादेखि गहिरो आर्थिक संकटमा फसिरहेको श्रीलंकाको मुद्रास्फिति दर २५ प्रतिशत माथि पुगेको छ । श्रीलंकाको इतिहासमै यो आर्थिक संकट ७३ वर्षपछिको सबैभन्दा ठूलो हो । पेट्रोलियम पदार्थको चर्को मूल्यवृद्धि, घट्दो विप्रेषण र रूस-युक्रेन युद्धजस्ता कारणले बाह्य क्षेत्रलाई संकटोन्मुख बनाए पनि मूल रूपमा सस्तो लोकप्रियताका लागि लिइएका राजनीतिक निर्णयहरू, गलत आर्थिक नीतिजस्ता घरेलु कारणहरूले नै यस मुलुक संकटको भुमरीमा फसेको विश्लेषण गरिएको छ ।

अष्ट्रेलियाको केन्द्रीय बैंकले एक दशकपछि ब्याजदर वृद्धि गरेको छ । बढ्दो मुद्रा स्फीतिलाई नियन्त्रण गर्न ब्याजदर बढाइएको हो । रिजर्व बैंक अफ अष्ट्रेलियाले निक्षेपको ब्याजदर शून्य दशलमव एक प्रतिशतबाट बढाएर शून्य दशमलव ३५ प्रतिशत पुर्‍याएको हो । जापानको केन्द्रीय बैंकले मुद्रास्फीति दर २ प्रतिशत आँकलन गरेको छ । बढ्दै गएको इन्धन तथा खाद्यान्नको मूल्यका कारण मुद्रास्फीति दर २ प्रतिशत भन्दा माथि जाने उपभोक्ता मुद्रास्फीति सूचांकले जनाएको छ । टर्कीको आधिकारिक मुद्रास्फीति दर झण्डै ७० प्रतिशत पुगेको छ । मुद्रास्फीति दरले राष्ट्रपति रेसेप तैयप एर्डोगनको सरकारलाई ठूलो चुनौती खडा गरेको छ । उपभोक्ता मूल्य सूचकाङ्क अप्रिलमा वर्षको तुलनामा ६९.९७ प्रतिशतले बढेको आधिकारिक तथ्यांकअनुसार मार्चमा ६१.१४ प्रतिशतले बढेको छ ।

त्यस्तै बेलायतको लण्डनस्थित एक कम्पनीले आफ्ना कर्मचारीमा भएको मुद्रास्फीतिको प्रभावलाई कम गर्न अनौठो उपाय अपनाएको छ । कम्पनीले अब आफ्ना कर्मचारीलाई नगदको सट्टा सुनमा तलब दिने भएको छ । बेलायतमा जीवनयापन लागत द्रुत गतिमा बढिरहेको छ र बेलायती रकम पाउन्ड हाल दुई वर्षको न्यून बिन्दुमा छ । बैंक अफ इङ्ल्यान्डले सन् २०२२ अर्थतन्त्रको लागि मन्दीको वर्ष हुन सक्ने चेतावनी दिएको छ । अमेरिकामा मन्दीको खतरामा रहेको रिर्पोटहरु सार्वजनिक हुन थालेका छन् । जेन हेटजियसको नेतृत्वमा रहेको गोल्डम्यानको टोलीले तयार पारेको प्रतिवेदनले यस वर्षको अमेरिकी जीडीपी प्रक्षेपण २.६५ बाट घटाएर २.४५ गरेको छ। २०२३ को लागि पूर्वानुमान पनि २.२५ बाट १.६५ मा घटाइएको छ । मूल्यवृद्धिका कारण अमेरिकामा उपभोक्ताको भावना खस्किएको छ । खाद्यान्न, पेट्रोल, आवास र अन्य अत्यावश्यक वस्तुहरूको मूल्यका कारण मार्चमा अमेरिकामा मुद्रास्फीति ८.५ प्रतिशत पुगेको छ । यो पछिल्लो ४० वर्षमा वार्षिक आधारमा मुद्रास्फीतिमा भएको सबैभन्दा ठूलो वृद्धि हो ।

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

केन्द्रीय तथ्याङ्क विभागको अनुरोध
यही २०७९ बैशाख ६ देखि जेठ १९ गते सम्म छनोटमा परेका कृषक परिवारहरुको घरदैलोमा आउने गणक तथा सुपरिवेक्षकहरुलाई खेतीपाती तथा पशुपन्छीसम्बन्धी सत्य तथ्य विवरण दिएर सातौं राष्ट्रिय कृषिगणना २०७८ सफल पार्न केन्द्रीय तथ्याङ्क विभाग सम्पूर्ण कृषक परिवार तथा सरोकारवालामा हार्दिक अनुरोध गर्दछ ।
कृषिगणनाको सार,
कृषि योजनाको पूर्वाधार !
केन्द्रीय तथ्याङ्क विभाग
थापाथली, काठमाडौं, नेपाल
फोन नं: ४२२९४०६, फ्याक्स नं.: (९७७-१) ४२२७७२०
Email: info@cbs.gov.np

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**